# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २७ | काठमाडौं | मंगलबार, ०६ जेठ २०८२ | Prabhab National Daily | Tuesday, May 20, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**नियमित रूपमा जाँच गरौं**

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरूको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने र स्वास्थ्य संस्थामा गई नियमित रूपमा परीक्षण गराऔं,
- स्वास्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




तस्विर: क्यान

**महिला क्रिकेटमा रचियो इतिहास**

# नेपाल पहिलोपटक विश्वकप ग्लोबल छनोटमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले पहिलोपटक आइसिसी महिला टी–२० विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएको छ । विश्वकप छनोटको एसिया छनोटअन्तर्गतको खेलमा सोमबार संयुक्त अरब इमिरेट्स (युएई)लाई पाँच विकेटले हराउँदै एक खेल अगावै नेपालले ग्लोबल छनोटमा स्थान बनाएको हो ।

एसिया छनोटअन्तर्गत सुपर–३ को शीर्ष दुईमा स्थान बनाउँदै नेपालले उक्त सफलता प्राप्त गरेको हो । अब नेपालले यसै वर्ष महिला टी–२० विश्वकपको ग्लोबल छनोट प्रतियोगिता खेल्ने छ । ग्लोबल छनोटमा नेपालसहित १० टोली सहभागी हुने छन् । उक्त प्रतियोगितामा शीर्ष चार स्थान बनाउने टोलीले सन् २०२६ मा इंग्ल्याण्डमा हुने आइसिसी महिला टी–२० विश्वकप क्रिकेट प्रतियोगिता खेल्ने छन् ।

थाइल्याण्डको टेर्डथाइ क्रिकेट मैदानमा सोमबार टस जितेको नेपालले युएईलाई पहिला ब्याटिङको निम्तो दिएको थियो । त्यसपछि युएईले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ११४ रन बनायो । नेपालले ११५ रनको विजयी लक्ष्य पाएकोमा १९.३ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो ।

क्रमशः पृष्ठ २ मा

### नेपालको विश्वकप यात्रा

- नेपाली महिला क्रिकेट सन् २००७ बाट सुरू
- यु–१९ टोलीले विश्वकप खेलिसकेको भए पनि सिनियर टोली एसिया छनोटमै सीमित थियो
- सन् २०१६ देखि विश्वकप छनोटमा खेल्न सुरू, उक्त वर्ष थाइल्याण्डसँग पराजित हुँदा ग्लोबल छनोटमा पर्न असफल
- सन् २०१७ को एसिया छनोटमा तेस्रो हुँदा विश्वकप यात्रामा 'ब्रेक'
- सन् २०१९ मा थाइल्याण्ड तथा सन् २०२१ मा हङकङ र युएईसँग पराजित हुँदा ग्लोबल छनोटमा पर्न असफल
- सन् २०२३ को एसिया छनोटअन्तर्गत सेमिफाइनलमा थाइल्याण्डसँग पराजित हुँदा ग्लोबल छनोटको यात्रा अधुरै
- सन् २०२५ मा युएईलाई हराउँदै ग्लोबल छनोटमा

# गठबन्धनमा फेरि खटपट !

■ प्रभाव संवाददाता



**काठमाडौं–** सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेमा फेरि खटपट सुरु भएको छ । केही समय मौन रहेका उच्चस्तरीय राजनीतिक संयन्त्रका सदस्यसमेत रहेका कांग्रेस महामन्त्री गगन थापाले सोमबार खटपटको संकेत गरेका हुन् ।

कांग्रेस चौतर्फी खुसी हुनुपर्ने बेलामा पनि देश भने अप्ठ्यारो अवस्थामा पुगिसकेको थापाले तर्क गरे । चैत २४ देखि गभर्नर पद रिक्त रहेको तर उक्त पदमा सत्तारुढ दल एमाले र कांग्रेसबीच नै हानथाप छ । तर थापाले गभर्नर कांग्रेसले पाउने उल्लेख गर्दै देशको नेतृत्वमा कांग्रेस पुग्नुपर्ने बेला आइसकेको तर्क गरे । 'हामी अहिले नेपालको सबैभन्दा ठूलो पार्टी हो । सबैतिर सरकारमा छौं । पालिका, वडा, प्रदेश, संघ सबै सरकारमा छौं । अहिले हामीले बनाएको प्रधानमन्त्री र हुनेवाला प्रधानमन्त्री पनि हाम्रो, अब गभर्नर हाम्रो, सबै हाम्रो । खुसी हुनुपर्ने हो नि कांग्रेस । सबैतिर हाम्रो भएको बेलामा,' थापाले भने ।

उनले कांग्रेस नेपालको राष्ट्रिय शक्ति भएको जिकिर गर्दै देशमा देखिएको समस्या चिनेर समाधान गर्ने जिम्मेवारी पनि आफूहरूको काँधमा आएको बताए । 'कांग्रेस भनेको राष्ट्रिय शक्ति हो । राष्ट्रको अगाडि आएको समस्या बुझ्छ । चिन्नसक्ने खुबी कांग्रेसमा छ । त्यसलाई सम्बोधन गर्ने सामार्थ्य पनि राख्छ । देशभित्र एउटा उकुसमुकुस छ । तन्नेरी नौ जवानलाई देशप्रतिको भरोसा टुटेको छ । यो अप्ठ्यारोबाट देशलाई बाहिर निकाल्ने कांग्रेसले हो,' महामन्त्री थापाले भने । वैशाखयता राजनीतिक संयन्त्रको बैठक पनि बस्न सकेको छैन ।

थापाले असन्तुष्टि व्यक्त गर्दै गर्दा सोमबार साँझ मन्त्रिपरिषद् बैठक बस्दै थियो । यद्यपि, प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको भेट तय भयो । बालुवाटारमा तय भएको भेट हुन नसकेको एमालेकै नेताहरू बताउँछन् ।

पछिल्लो समय नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिको विषय पेचिलो बन्दै गएको छ । गभर्नर कांग्रेसले पाउने सहमति भइसकेको भनेर देउवाले सार्वजनिकरूपमै भने पनि अहिलेसम्म सरकारले नियुक्त गर्न सकेको छैन । एकपछि अर्को गर्दै गभर्नर छनोट समितिका सदस्यहरूले राजीनामा दिने र नयाँ सदस्य नियुक्तिको क्रम चलिरहेको छ ।



> कांग्रेस भनेको राष्ट्रिय शक्ति हो । राष्ट्रको अगाडि आएको समस्या बुझ्छ । चिन्नसक्ने खुबी कांग्रेसमा छ । त्यसलाई सम्बोधन गर्ने सामार्थ्य पनि राख्छ । देशभित्र एउटा उकुसमुकुस छ । यो अप्ठ्यारोबाट देशलाई बाहिर निकाल्ने कांग्रेसले हो ।
>
> **गगन थापा**
> महामन्त्री, नेपाली कांग्रेस



> हामीले एमाले नेतृत्वलाई पनि भनेका छौं, गठबन्धन भनेको एकअर्काको 'प्वाइन्ट अफ भ्यु'लाई बुझ्ने हुनुपर्छ । मैले जे सोच्छु, त्यही नै ध्रुवसत्य हो, अरूले मेरो किन विरोध गरिरहेका होलान् भन्ने मानसिकताबाट गठबन्धन बन्दैन ।
>
> **डा. प्रकाशशरण महत**
> प्रवक्ता, नेपाली कांग्रेस

विवादकै कारण राष्ट्र बैंकले एक महिनाभन्दा बढी समयदेखि गभर्नर पाएको छैन । राष्ट्र बैंकको नियमावलीअनुसार बहालवाला गभर्नरले अवकाश पाउने एक महिना अगाडि नै नयाँ गभर्नरको टुंगो लगाउनुपर्नेमा रिक्त रहेकै करिब डेढ महिना भइसकेको छ ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले ओली सरकारले सत्ता सहयात्रीलाई सँगै लैजान नखोजेको टिप्पणी गरेका छन् । कांग्रेस कास्की क्षेत्र नम्बर ३ को दोस्रो क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै महतले पार्टीभित्र असन्तुष्टि रहेको बताएका हुन् । 'अहिले गठबन्धनको सरकार छ । ओलीजीजस्तो प्रधानमन्त्री हुनुहुन्छ । सबै कुरा हुँदैन । केही त होला नि ! सबै नभए पनि ५० प्रतिशत त हो नि ! अहिलेको गठबन्धनप्रति हाम्रा पनि केही असन्तुष्टिहरू छन् । नभएको होइन, हामीले भनिरहेका छौं,' सोमबार महतले भने ।

गभर्नर नेपाली कांग्रेसले पाउनुपर्ने उल्लेख गर्दै महतले यसबारेमा एमालेले अरुका पनि कुरा बुझ्नुपर्ने धारणा राखे । 'हामीले एमाले नेतृत्वलाई पनि भनेका छौं, गठबन्धन भनेको एकअर्काको 'प्वाइन्ट अफ भ्यु'लाई बुझ्ने हुनुपर्छ । मैले जे सोच्छु, त्यही नै ध्रुवसत्य हो, अरूले मेरो किन विरोध गरिरहेका होलान् भन्ने मानसिकताबाट गठबन्धन बन्दैन । अहिले गभर्नरको कुरा छ । हामीले एउटा प्रोफेसनल मान्छे आओस् भनेका छौं,' प्रवक्ता महतले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगारीको नाममा करोडौं ठगी

# चालु आवको १० महिनामा १६६ मुद्दा अदालतमा ३० करोडभन्दा बढीको क्षतिपूर्ति दाबी

- विभागमा चार हजार २९३ उजुरी दर्ता, ४६० वटा मिलापत्र
- प्रहरी शाखामा चार हजार १९७ उजुरी
- एक हजार ९१९ वटा उजुरी फर्स्योट गर्दा १२ लाखभन्दा बढी असुल

■ विविशा पौडेल

**काठमाडौं–** वैदेशिक रोजगारीका नाममा युवाहरू ठगिने क्रम विकराल बन्दै गएको तथ्यांकले देखाएको छ । वैदेशिक रोजगार विभागले शुक्रबार सार्वजनिक गरेको पछिल्लो १० महिनाको तथ्यांकले यो तथ्य उजागर गरेको हो । दैनिकजसो भइरहेको ठगी नियन्त्रणमा सरकार असफल देखिएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्मको अवधिमा आकर्षक वैदेशिक रोजगारीमा विभिन्न मुलुक पठाउने भन्दै युवाहरूबाट ३० करोड रूपैयाँभन्दा बढी ठगी भएको विभागको तथ्यांक छ । विभागका अनुसार यस अवधिमा चार हजार २९३ वटा उजुरी विभागमा दर्ता भएका थिए । जसमध्ये ४६० वटा मिलापत्रमार्फत टुंग्याइएको विभागको भनाइ छ । पछिल्लो महिना वैशाखमा मात्रै ५८१ वटा ठगीसम्बन्धी उजुरी दर्ता भएका थिए । तीमध्ये ५४ वटामा मिलापत्र गरिएको विभागले जनाएको छ ।

विभागले चालु आवको वैशाख मसान्तसम्म दर्ता भएका उजुरीमाथि आवश्यक छानबिनपश्चात् १६६ वटा मुद्दा अदालतमा दर्ता गरेको तथ्यांकमा उल्लेख छ । जसमध्ये २० वटा वैशाखमा दर्ता भएका हुन् । अदालतमा दर्ता भएका १६६ वटा मुद्दामा कूल ३० करोड तीन लाख ८९ हजार रूपैयाँबराबरको क्षतिपूर्ति मागदाबी गरिएको विभागले जनाएको छ ।

यता विभागको प्रहरी शाखामा वैशाख मसान्तसम्म चार हजार १९७ उजुरी दर्ता भएको तथ्यांक छ । जसमध्ये १२ वटा मिलापत्रसहित एक हजार ९१९ वटा उजुरी फर्स्योट गरिएको विभागद्वारा उपलब्ध विवरणमा उल्लेख छ । यसरी फर्स्योट गरिएको उजुरीबाट १२ लाख चार हजार रूपैयाँ असुल गरी पीडितलाई हस्तान्तरण गरिएको विभागले जनाएको छ ।

वैदेशिक रोजगारसम्बन्धी ठगीका घटना अनियन्त्रित बनेको विभागद्वारा सार्वजनिक यो तथ्यांकले नै पुष्टि गर्छ । विभागसम्म नपुगेका घटना अझ धेरै रहेको जानकारहरू बताउँछन् । नेपाल प्रहरीले वैदेशिक रोजगारीका नाममा ठगी गरेको अभियोगमा पक्राउ परेका व्यक्तिहरूको विवरण दैनिकजसो सार्वजनिक गर्दै आएको छ ।

पछिल्लो समय बेलायत, क्यानडा, अमेरिका तथा युरोपका विभिन्न देशमा आकर्षक रोजगारीका लागि पठाउने प्रलोभन देखाएर ठगी गर्ने गरेको पाइएको छ । आकर्षक कमाइको लोभमा युवाहरू लाखौं तिर्न तयार हुने गरेका छन् । जसको फाइदा दलालहरूले लुटिरहेको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

## थप ११० संस्थालाई इजाजतपत्र, ५१ संस्था खारेज

वैदेशिक रोजगार विभागले चालु आर्थिक वर्षको १० महिनामा वैदेशिक रोजगारसम्बन्धी काम गर्न थप ११० वटा संस्थालाई इजाजतपत्र दिएको छ । यही अवधिमा १२१ वटा इजाजतपत्र नवीकरण तथा ५१ वटा संस्था खारेज गरी धरौटी फिर्ता गरिएको विभागले जनाएको छ ।

यसैगरी अभिमुखीकरण तालिम सञ्चालन गर्ने दुईवटा, घरेलु कामदारलाई तालिम दिने आठवटा, सीपमूलक तालिम दिने आठवटा, केयर गिभर तालिम दिने आठवटा, केयर गिभर पठाउने चार र जिटको संस्था ४५७ वटाको नवीकरण गरिएको विभागको विवरणमा उल्लेख छ ।

सोही अवधिमा म्यानपावर कम्पनीहरूका १७९ वटा शाखा नवीकरण गरिएको, १११ वटा शाखा सञ्चालनका लागि अनुगमन गरी अनुमतिपत्र प्रदान गरिएको तथा १७ वटा संस्थाको बैंक ग्यारेण्टी फुकुवा गरिएको विभागले जानकारी दिएको छ । सो अवधिमा नियमविपरीत काम गरेका १६१ वटा इजाजतपत्रवाला संस्थालाई जरिवाना गरिएको पनि विभागले जनाएको छ ।




# सत्य निरूपण र बेपत्ता आयोगका अध्यक्षले सम्हाले कार्यभार



**काठमाडौं (प्रस)–** सत्यनिरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष महेश थापा र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी अध्यक्ष लीलादेवी गड्तौलाले पदभार सम्हालेका छन् । सर्वोच्च अदालतमा सोमबार आयोजित कार्यक्रममा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतबाट पद तथा गोपनीयताको शपथ लिएसँगै उनीहरूले आ-आफ्नो कार्यालयमा गएर पदभार ग्रहण गरेका हुन् ।

प्रधानन्यायाधीश राउतले आयोगका दुई अध्यक्षलाई शपथ ग्रहण गराएपछि अध्यक्षहरूले आ-आफ्ना आयोगका सदस्यलाई पद तथा गोपनीयताका शपथ गराए । सत्यनिरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा थापा तथा सदस्यमा अचुतप्रसाद भण्डारी, डा. टीकाप्रसाद ढकाल, पदमबहादुर शाही र कुमारी कौशल्य ओझा रहेका छन् ।

त्यस्तै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा गड्तौला तथा सदस्यमा गोपालनाथ योगी, अग्निप्रसाद थपलिया, सिर्जना पोखरेल र विनिता नेपाली सदस्य रहेका छन् ।

मन्त्रिपरिषद्को बैठकले यही वैशाख ३१ गते दुवै आयोगका लागि अध्यक्ष तथा सदस्यहरू नियुक्त गरेको थियो । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित सिफारिस समितिको सिफारिसबमोजिम दुवै आयोगका अध्यक्ष र सदस्य नियुक्त भएको थियो ।

### पीडितलाई न्याय दिलाउने विषयलाई केन्द्रमा राखिन्छ”

‘मर्यादाका लागि सत्य, तथ्य, न्याय र परिपूरण’ को मर्मसहित स्थापना भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले करिब तीन वर्षपछि तेस्रो कार्यकालका लागि पदाधिकारी पाएको छ । तत्कालीन विद्रोही माओवादी द्वन्द्वका क्रममा बेपत्ता भएका व्यक्तिको छानबिनका लागि गठित यस आयोग २०७९ साउन १ देखि पदाधिकारीविहीन थियो । द्वन्द्व अन्त्य गर्ने सिलसिलामा महत्त्वपूर्ण मानिएको यस आयोगको गठन २०७१ सालमा भएका थियो ।

आयोगकी नवनियुक्त अध्यक्ष गड्तौलाले भद्रकालीस्थित कार्यकक्षमा पदबहालीपछि कुरा गर्दै संक्रमणकालीन न्यायको मर्म र भावनाअनुरूप पीडितलाई न्याय दिलाउने विषयलाई केन्द्रमा राखेर सामूहिक जिम्मेवारीका आधारमा कार्य सम्पादन गरिने बताइन् । ‘टिम वर्कको जिम्मेवारी भएकाले सदस्य र विज्ञहरूको राय, परामर्श र सल्लाहका आधारमा बाँकी काम अघि बढाइने छ, आयोगको कार्य सम्पादन गर्ने सन्दर्भमा आउनसक्ने चुनौतीलाई हटाएर अघि बढ्न र जिम्मेवारी पूरा गर्न हरसम्भव प्रयत्न गरिने छ,’ उनले भनिन् ।

२०५२ फागनु १ देखि सुरू गरेको १० वर्षे सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिका सन्दर्भमा सत्यतथ्य पत्ता लगाउने उद्देश्यले आयोग गठन भएको हो । आयोगलाई बेपत्ताको छानबिन, परिपूरण, आगामी दिनमा त्यस्ता द्वन्द्व पुनः नदोहोरिन राज्यका चाल्नुपर्ने कदमका बारेमा सुझावसहितको प्रतिवेदन दिने कार्यदेश छ । २०५२ फागुन १ देखि २०६३ मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेकपा माओवादीबीच भएको सशस्त्र द्वन्द्व २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएपछि अन्त्य भएको थियो ।

आयोगका प्रवक्ता कविराज पौडेलका अनुसार आयोगमा तीन हजार २८८ उजुरी परेका थिए । त्यसमध्ये ७४६ तामेली, फर्स्योट र फरफारक भएका छन् । आयोगमा अझै दुई हजार ५४३ निवेदन फर्स्योट गर्न बाँकी छ । त्यसमा दुई हजार ५४७ व्यक्ति हराएको भन्ने दाबी गरिएको छ । आयोगमा नयाँ पदाधिकारी नियुक्तिको तीन महिनाभित्र कुनै कारणले वा काबुबाहिरको परिस्थितिले विगतमा उजुरी दिन छुटेको रहेछ भने त्यसको आधार र कारणसहित निवेदन दिन पाउने व्यवस्था छ ।

# विपद् प्रतिकार्यको तयारीमा सशस्त्र प्रहरी

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी बलले विपद् प्रतिकार्यका लागि तयारी गरिरहेको छ । मातहतका निकायलाई विपद् प्रतिकार्यको तयारीमा रहन निर्देशन दिएको छ । मनजसुनजन्य विपद्मा क्षति न्यूनीकरणका लागि सकेसम्म घटनास्थलमा छिटोभन्दा छिटो पुगी उद्धार गर्न सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले सबै युनिटमा परिपत्र गरेको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता, सशस्त्र प्रहरी नायव महानिरीक्षक कालीदास धौवजीले जानकारी दिए ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले मातहत युनिटका कमाण्डरलाई मनसुनजन्य विपद् प्रतिकार्य योजनाको तयारीमा रहन निर्देशन दिएका छन् । प्रवक्ता धौवजीले भने, ‘सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट अघिल्ला वर्षमा भएका विपद्का घटनालाई विश्लेषण गर्दै आगामी दिनमा हुनसक्ने मनसुनजन्य विपद् न्यूनिकरण तथा उद्धारका लागि सशस्त्र प्रहरी बल नेपालका सबै युनिटमा विपद् व्यवस्थापनका सामान तयारी राख्नुका साथै विपद्सम्बन्धी अनुशिक्षण तथा अभ्यास सञ्चालन गर्न निर्देशन भएको छ ।’

उनले टोलटोलमा विपद् सूचक राखी समुदाय लक्षित विपद्सम्बन्धी स्वयंसेवक तालिमसमेत सञ्चालन गर्न पनि निर्देशन भएको बताए । अहिले नेपालमा प्रि-मनसुन चलिरहेको र यो समयमा ठाउँ-ठाउँमा विपद्का घटना भइरहेका छन् । हिउँदमा राम्ररी वर्षा नभएकाले मनसुनका समयमा यसपालि बढी वर्षा हुने अनुमान गरिएको छ । यद्यपि विपद् प्राधिकरणले भने मनसुनको आकलन हुन बाँकी रहेको जनाएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७०/१२/२३ मा दर्ता भएको **हकिकुल्लाह घुम्ती राइस मिल प्रा.लि. (प्रा.लि. नं. १२१३१८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/०२ मा दर्ता भएको **कर्णाली कृषि तथा पशुपन्छी फार्म प्रा.लि. (प्रा.लि. नं. २७७२४५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका **Dynamic Staffing Solution Nepal Pvt. Ltd.** (ई.प.न. ८९६/०६७/०६८) संचालक/सेयरधनीले आफ्नो नाममा कायम रहेको सेयरहरु दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम सेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम सेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साकिको सेयरधनीको नाम/सेयर संख्या | अब कायम हुने सेयरधनीहरुको नाम/सेयर संख्या |
|---|---|
| १. श्री कर्णराज कटुवाल (०१- ३५०००) | १. श्री कर्णराज कटुवाल (०१- ३५०००) |
| २. श्री विष्णु कुमार श्रेष्ठ (३५००१- ७००००) | २. श्री कृष्ण प्रसाद आचार्य (३५००१- ७००००) |
| ३. श्री बासुदेव भण्डारी (७०००१- १०५०००) | ३. श्री माधव प्रसाद तिमल्सिना (७०००१- १०५०००) |


**बीमा अभिलेख प्रमाणपत्र हरायो सूचना**

मिति २०८२/०१/०२ गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Laxmi Kandel
विमालेख नं : 210004970
Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Kalanki, Kathmandu, Nepal
सम्पर्क नं : 9845543153

**यूएईमा रोजगार**

कम्पनी : EVER GOLD BUILDING CLEANING LLC-DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०२/०५ | LT. No. 323842 | चलानी नं. ६०२३८१५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 0 | 800 | २९,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १३ गते (27th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**बीमा अभिलेख प्रमाणपत्र हरायो सूचना**

मिति २०८१/१२/२५ गते कलंकीदेखि थानकोट सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Maya Sapkota
विमालेख नं : 210004962
Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Kalanki, Kathmandu, Nepal
सम्पर्क नं : 9847665414

**युएइमा रोजगार**

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | LT. No. 324022 | चलानी नं. ६०२३८००९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 900 | ३३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १३ र १४ गते (27 & 28 May 2025) मा हुनेछ ।
Sunsari, Itahari Sub-metropolitian City, Sunsari Multiple Training Center मा मिति: २०८२ जेठ १५ गते (29th May 2025) मा हुनेछ । 9815903769
Dhanusha, Janakpur Sub-metropolitian City, Ramjanaki Training Center मा मिति: २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ । 9851320413
Rupandehi, Butwal Sub-metropolitian City, Tilottama 1, Diver Chowk मा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ । 9768843519

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9851254109/9705000446/9705000447
9851196857/9705000449/9851095260 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Best IT Price Dot Com Pvt Ltd** कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | मास्टर मोडल | सब मोडल | ब्राण्ड | उत्पात्तिको मुलुक राष्ट्र | क्यापासिटी | ईकाई | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Elista | ELISTA EL-SAC12-3INVIHC | ESAC12KT1HC-1 | ELISTA | CHINA | 1-ton 12000BTU | PCS | 71000 |
| | | | ESAC122KT1HC-0 | | | | | |

बिक्रेताको फर्मको नाम : Best IT Price Dot Com Pvt Ltd
ठेगाना : Newroad-22, Kathmandu, Nepal
स्थायी लेखा नं : 601098192
इ-मेल : bestitprice@gmail.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०२/०६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्ने लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: नयाँ बानेश्वर, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम मिति २०६२/०८/२४ मा दर्ता नं. ३७२१२/०६२/०६३ कायम भई दर्ता भएको सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ६ कमलामाई स्थित **आत्रेय निमार्ण सेवा प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दल बहादुर कुँवरको नाति, उदय बहादुर कुँवरको छोरा, सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राजेश कुमार कुँवर (ना.प्र.प.नं. ६५३१, सिन्धुली)**
२. उदय बहादुर कुँवरको नाति, राजेश कुमार कुँवरको छोरा, सिन्धुली जिल्ला, कमलामाई म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **विकेन्द्र कुँवर (ना.प्र.प.नं. २०१०५४/७००, सिन्धुली)**
३. उदय बहादुर कुँवरको नाति, रमेश कुमार कुँवरको छोरा, सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **बिषम कुँवर (ना.प्र.प.नं. २०-०१-७६-०५०००, सिन्धुली)**
४. उदय बहादुर कुँवरको बुहारी, राजेश कुमार कुँवरको पत्नी, सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **कमला कुमारी खत्री कुँवर (ना.प्र.प.नं. २०२०१०५४/१३७३, सिन्धुली)**
५. दल बहादुर कुँवरको नाति, उदय बहादुर कुँवरको छोरा, सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रमेश कुमार कुँवर (ना.प्र.प.नं. ८२/७८८८, सिन्धुली)**

**शाखा कार्यालय: मंगलबारे, इलाम**

**ऋणीको विवरण**

काशिनाथ बरालको नाति, नरनारायण बरालको छोरा, झापा जिल्ला, धरमपुर गा.वि.स./उ.म.न.पा. वडा नं ५, स्थित स्थायी ठेगाना भएको **प्रेम सागर बराल (ना.प्र.प.नं.९७७३२७५५७, झापा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. काशिनाथ बरालको बुहारी, नरनारायण बरालको पत्नी, झापा जिल्ला धरमपुर गा.वि.स. वडा नं ५, स्थित स्थायी ठेगाना भएको **गनमाया बराल (ना.प्र.प.नं. ९७७३२७५५६, झापा)**
२. नरनारायण बरालको बुहारी, प्रेम सागर बरालको पत्नी, झापा जिल्ला धरमपुर गा.वि.स. वडा नं ५, स्थित स्थायी ठेगाना भएको **जानुका बराल (ना.प्र.प.नं.९७७३४६०९, झापा)**
३. नरनारायण बरालको नाति, प्रेम सागर बरालको छोरा इलाम जिल्ला जीतपुर गा.वि.स. वडा नं २, स्थित स्थायी ठेगाना भएको **जिवन बराल (ना.प्र.प.नं.६९२६१, इलाम)**
४. नरनारायण बरालको नाति, प्रेम सागर बरालको छोरा, इलाम जिल्ला जीतपुर गा.वि.स./उ.म.न.पा. वडा नं २, स्थित स्थायी ठेगाना भएको **अमित बराल (ना.प्र.प.नं.२१५७, इलाम)**
५. प्रेम सागर बरालको बुहारी, जीवन बरालको पत्नी, इलाम जिल्ला जीतपुर गा.वि.स./उ.म.न.पा. वडा नं २, स्थित स्थायी ठेगाना भएको **देवी माया दुलाल बराल (ना.प्र.प.नं.०३-२-०१४/७००, इलाम)**
६. प्रेम सागर बरालको बुहारी, अमित बरालको पत्नी, इलाम जिल्ला जीतपुर गा.वि.स./उ.म.न.पा. वडा नं २, स्थित स्थायी ठेगाना भएको **मनमाया बराल (ना.प्र.प.नं.०३-०१४-०३/५७२, इलाम)**

**शाखा कार्यालय: चौराहा बुटवल, रुपन्देही**

**ऋणीको विवरण**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देहीमा प्राइभेट फर्म दर्ता ऐन, २०७६ र नियमावली, २०७६ बमोजिम मिति २०७९/०४/२३ मा दर्ता नं. ०१२८-८-२०७९/८० कायम भई दर्ता भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ स्थित **चैतन्य इलेक्ट्रीक पसल** **प्रोप्राइटर: गेनाराम थारु**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डिल्लीराम थारुको नाति, छेदीराम थारुको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **गेनाराम थारु (ना.प्र.प.नं. ३९४४६, नवलपरासी)**
२. छेदीराम थारुको बुहारी, चक्र बहादुर थारुको पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **यम माया थारु (ना.प्र.प.नं. ३६२०१८ /४८३२, नवलपरासी)**
३. छेदीराम थारुको बुहारी, बाल कृष्ण थारुको पत्नी, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स./उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सुमित्रा कुमारी महतो (ना.प्र.प.नं. ३६२०२७ /६००,नवलपरासी)**
४. छेदीराम थारुको बुहारी, गोनाराम थारुको पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **हरि माया थारु (ना.प्र.प.नं. ३६२०१८/१०६२, नवलपरासी)**
५. डिल्लीराम थारुको बुहारी, छेदीराम थारुको पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **लाल कुमारी थारु (ना.प्र.प.नं. ४२८३९, नवलपरासी)**
६. डिल्लीराम थारुको नाति, छेदीराम थारुको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **बाल कृष्ण थारु (ना.प्र.प.नं. ५३३६१, नवलपरासी)**

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**सहरी विकास तथा भवन निर्माण विभाग**
**सघन सहरी तथा भवन निर्माण आयोजना, जुम्ला**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०८२/०२/०५**

प्रस्तुत विषयमा यस आयोजनाबाट मिति २०८१/१२/१० राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित बोलपत्र सम्बन्धि सुचना अनुसार तपसिलमा उल्लेखित कार्यको लागि रीत पुर्बक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि भै स्वीकृतीको लागि पेश भएको हुदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि सात दिने बोलपत्र स्वीकृत गर्ने सम्बन्धि आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरिएको छ ।

**तपसिल**

| सि. नं. | खरीद नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मु.अ.कर बाहेक पि.एस.समेत रु. |
|---|---|---|---|---|
| १ | PUDBC/Jumla/Work/NCB/62-2081/082 | Construction of Integrated Office Building at Thulibheri Municipality 3 Dolpa | श्री न्यू रावत / उत्थान जे.भि. हुम्ला | रू १,६६,०९,०३६/०० |
| २ | PUDBC/Jumla/Work/NCB/63-2081/082 | Construction of Multipurpose Building, at Chandhannath Municipality, Jumla | श्री कौसिक / सन्ध्या जे.भि. नेपालगंज बांके | रू २,७८,१०,६५२/६० |

**आयोजना प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बधाइ नेपाली महिला क्रिकेट टोलीलाई

थाइल्याण्डको टेर्डथाइ क्रिकेट मैदानमा इन्दु बर्माको कप्तानीमा रहेको नेपाली महिला क्रिकेट टोलीले सोमबार इतिहास रचेको छ । नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई पाँच विकेटले हराउँदै आइसिसी महिला टी–२० विश्वकपको ग्लोबल छनोटका लागि ठाउँ सुरक्षित गर्दै इतिहास रचेको हो ।

एसिया छनोटअन्तर्गत सुपर–३ को शीर्ष दुईमा स्थान बनाउँदै नेपालले उक्त सफलता प्राप्त गरेको हो । नेपाल यसरी ग्लोबल छनोटमा पुगेको पहिलोपटक हो । अब नेपालले यसै वर्ष महिला टी–२० विश्वकपको ग्लोबल छनोट प्रतियोगिता खेल्ने छ । ग्लोबल छनोटमा नेपालसहित १० टोली सहभागी हुने छन् । उक्त प्रतियोगितामा शीर्ष चार स्थानबनाउने टोलीले सन् २०२६ मा इंग्ल्याण्डमा हुने आइसिसी महिला टी–२० विश्वकप क्रिकेट प्रतियोगिता खेल्ने छन् । अब नेपालले सुपर–३ को अन्तिम खेल मंगलबार थाइल्याण्डसँग खेल्ने छ । उक्त खेल जिते नेपाल एसिया छनोटको विजेता बन्ने छ ।

नेपाली महिला क्रिकेटले व्यावसायिक खेल सुरु गरेको धेरै भएको छैन । सन् २००७ बाट अहिलेसम्म पुरुष टोलीले वाहवाही कमाइसकेको छ । यसअघि महिला यु–१९ टोलीले विश्वकप खेलिसकेको छ । तर महिला सिनियर टोली भने एसिया छनोटमै सीमित थियो । सन् २०१६ देखि विश्वकप छनोटमा भिड्न थालेको नेपाल उक्त वर्ष थाइल्याण्डसँग पराजित भएसँगै ग्लोबल छनोटमा पर्न सकेन । सन् २०१७ को एसिया छनोटमा तेस्रो हुँदा विश्वकप यात्रामा 'ब्रेक' लागेको थियो । सन् २०१९ मा थाइल्याण्ड तथा सन् २०२१ मा हङकङ र युएईसँग पराजित हुँदा ग्लोबल छनोटमा पर्न सकेन । सन् २०२३ को एसिया छनोटअन्तर्गत सेमिफाइनलमा थाइल्याण्डसँगै पराजित हुँदा ग्लोबल छनोटको यात्रा तय गर्न सकेको थिएन । यसपटक भने नेपाली महिला क्रिकेट टोलीले अथक मिहेनत गरेको देखिन्छ ।

नेपालमा खेल क्षेत्रमा लागेर के हुन्छ ? भन्ने एक किसिमको भाष्य निर्माण भइरहेको छ । देशको आर्थिक अवस्था निरन्तर ओरालो लागिरहँदा खेल क्षेत्र पनि यसबाट अछुतो छैन । खेलाडीहरू विदेश पलायन हुने क्रम उस्तै छ । सरकारले रोजगारीको बन्दोबस्ती गर्न नसक्दा र खेल क्षेत्रलाई चलयमान बनाउन नसक्दा यस्ता निराशा सिर्जना भएका हुन् । यस्तो अवस्थामा पनि महिला क्रिकेट टोलीले उज्यालो यात्रा तय गरेको छ । यो लामो समयदेखिको प्रतीक्षा थियो । विश्वकप खेल्ने नेपालको सपना थियो । पक्कै पनि मिहेनत गरे सफल भइन्छ, यो यसपटक देखिएको छ । नेपाली महिला क्रिकेट टोलीलाई हार्दिक बधाइ तथा आगामी यात्राका लागि शुभकामना ।

## श्रम सरोकार

# अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छः

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# जलवायु न्यायः नेपालको पीडा र विश्वको दायित्व



■ डा. राजु थापा

> नेपालले पनि जलवायु अनुकूलनका कार्यक्रम अब थप विलम्ब नगरी योजना आयोगबाट होइन, स्थानीय तहबाट सुरू गर्नुपर्दछ । निर्णय प्रक्रियामा महिला, जनजाति, दलित, युवा र गरिब समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्दछ । जलवायु शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ र सबै सार्वजनिक परियोजनामा जलवायु प्रभाव मूल्यांकन अनिवार्य गर्न आवश्यक छ ।

जलवायु परिवर्तन विश्व मानवसभ्यताको अस्तित्वमै खतरा बन्न थालेको छ । तापक्रम वृद्धिदेखि अनियमित मौसम, मौसमजन्य प्रकोपमा वृद्धि साथै हावापानीका क्षेत्रमा व्यापक परिवर्तन भएर सभ्यता नासिने जोखिम रहेको छ । जलवायु परिवर्तनले नेपालजस्ता हिमाली तथा विकासोन्मुख देशमा अन्य क्षेत्रहरूमा जस्तै प्राकृतिक विपद्का दृष्टिले थप गहिरो संकटमा पारेको छ । गत वर्षको बाढी, पहिरो र भीषण वर्षाका कारण झण्डै २५० जनाको मृत्यु भयो र पूर्वाधारमा एक अर्ब अमेरिकी डलरभन्दा बढीको क्षति भयो । जलवायु प्रेरित प्रकोपहरूले मानव अस्तित्व र जीविकोपार्जनको जगलाई नै हल्लाइरहेको छ । जलवायु परिवर्तनका कारण बाढी र हिमताल विष्फोटले ठूलो विनास भएको छ । खडेरी डढेलोले मानवलाई अथाह पीडा दिएको छ ।

पछिल्ला वर्षमा जलवायु परिवर्तनको कारण एक वर्षमा देशको कूल गार्हस्थ उत्पादनको दुई प्रतिशतसम्म क्षति हुने गरेको अनुसन्धानले देखाएको छ । उता हिमालयका हिमनदीहरू पग्लिँदै गएका छन्, जसका कारण हिमताल विष्फोटको खतरा बढ्दै गएको छ । इसिमोडको अध्ययनअनुसार हालको दरमा ग्लेसियर पग्लिँदै गए यो शताब्दीको अन्त्यसम्ममा हिन्दकुश-हिमालय क्षेत्रका हिमनदीहरूले ८० प्रतिशतसम्म हिउँ गुमाउने छन् । त्यतिबेला प्राकृतिक विपद्का अनेक समस्याहरूबाट ठूलो जनधनको क्षति हुने छ । जलवायु परिवर्तनले मानव जीवनका आधार भूत पक्षहरूमा असर पुर्‍याइरहेको छ । जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा गिरावट आएको छ, पानीको स्रोतहरू सुक्दै गएका छन्, रोग तथा महामारीहरूका स्वरूप परिवर्तन हुँदै छ र खाद्य सुरक्षामा गम्भीर संकट देखापरेको छ ।

जलवायु परिवर्तनले सबैमा असर पार्छ, तर असरको मात्रा समान हुँदैन । गरिब, महिला, दलित, आदिवासी, बालबालिका तथा सुदूर र सीमान्तकृत समुदाय सबैभन्दा बढी प्रभावित हुने गर्दछन् । तर यस्तो अन्यायपूर्ण अवस्थाको मूल जड भने धनी राष्ट्रद्वारा अत्यधिक हरितगृह ग्यास उत्सर्जन भएको विभिन्न वैज्ञानिक प्रमाणहरू छन् । सन् १९९० देखि २०१५ को अवधिमा विश्वका सबैभन्दा धनी एक प्रतिशत जनसंख्याले सबैभन्दा गरिब ५० प्रतिशत जनसंख्याको भन्दा दोब्बर बढी कार्बन उत्सर्जन गर्ने गरेको अध्ययनले देखाएको छ । एउटा अमेरिकी नागरिकले एक वर्षमा औसतमा १६ टन कार्बनडाइअक्साइड उत्सर्जन गर्छ, जुन एक जना नेपालीको उत्सर्जनभन्दा ५६ गुणा बढी हो । हाल विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा मात्र ०.०२५ प्रतिशत रहेको छ । जलवायु परिवर्तनका प्रमुख कारण बन्ने हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य छ । ता पनि यसका प्रतिकूल प्रभावहरूको चपेटामा नेपाल पर्दै छ ।

सन् १८५० यता उत्सर्जित कार्बनमा अमेरिकाको हिस्सामात्रै २० प्रतिशत रहेको छ, जबकि विश्वमा अमेरिकाको जनसंख्या हिस्सा चार प्रतिशतमात्र छ । यी तथ्यहरूले जलवायु संकटमा धनी मुलुकहरूको ऐतिहासिक भूमिका स्पष्ट पार्दछ । यति हुँदा पनि अनुकूलन र न्यूनीकरणका लागि विकसित राष्ट्रले दिएको सहायता न्यून, अनियमित र प्रक्रियागतरूपमा जटिल रहेको छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन, कोपमा पटक-पटक गरिएका प्रतिबद्धताहरू व्यवहारमा रूपान्तरण हुन सकेका छैनन् । क्योटो प्रोटोकलदेखि पेरिस सम्झौता हुँदै हालैको कोप-२८ सम्म धनी राष्ट्रहरूले जलवायु वित्तका नाममा दिने भनेर प्रतिबद्धता जनाए पनि ती प्रत्यक्ष रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

एक्सन एडको एक अध्ययन प्रतिवेदनका अनुसार सन् १९९२ यता धनी मुलुकले विश्वको वायुमण्डलीय साधनको अत्यधिक उपयोग गरेर ७० प्रतिशतसम्म आर्थिक फाइदा लिएका छन् । यस सन्दर्भमा जी-ट्वान्टी राष्ट्रहरूले सन् १९५९ देखि २०१८ सम्मको अवधिमा लगभग ५९ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु ऋण सञ्चित गरेका छन् र यो ऋण २०१९ देखि २०३५ सम्मको अवधिमा थप ८० ट्रिलियन डलरले बढ्ने प्रक्षेपण गरिएको छ ।

यसै सन्दर्भमा नेपालले पनि अन्तर्राष्ट्रियस्तरमा आफ्नो आवाज उठाउन थालेको छ । जलवायु परिवर्तनको असरहरूका कारणले पर्वतीय क्षेत्रहरूको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकरात्मक असरका बारेमा नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर ाष्ट्रिय मञ्चमा नेपालले निरन्तर आवाज उठाउँदै आइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले कोप-२९ मा हिमाली राष्ट्रहरूको साझा आवाजको नेतृत्व गर्दै विकसित राष्ट्रले ऐतिहासिक जिम्मेवारी स्वीकार गर्नुपर्ने र हानि तथा क्षतिपूर्तिका लागि 'लस एण्ड डयामेज कोष' प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्ने माग गरेका छन् । वास्तवमा यो केवल पर्यावरणीय वा भौगोलिक विषयमात्र होइन, यो मानवअधिकार, सामाजिक समावेशीता र भविष्यको पुस्ताको अस्तित्वसँग सम्बन्धित विषय पनि हो । जलवायु न्यायको मूल मर्म भनेको जलवायु परिवर्तनबाट सिर्जित असरको बोझमा समानुपातिक उत्तरदायित्वको सिद्धान्त स्थापना गर्नु हो । जसले धेरै कार्बन उत्सर्जन गरेका छन् उनीहरूले नै बढी क्षति भोगिरहेका मुलुकका लागि बढी योगदान दिनुपर्छ ।

नेपालजस्ता मुलुकको चुनौती भनेको आर्थिकरूपमा कमजोर भएसँगै जलवायु परिवर्तनको असर सामना गर्न आवश्यक वित्तीय, प्राविधिक तथा नीतिगत साधनको अभाव हुनु हो । सन् २०११ देखि २०२१ को अवधिमा नेपालले कूल ५.७१ अर्ब अमेरिकी डलरबराबरको जलवायु वित्त प्राप्त गरेको छ । सो कूल रकममध्ये लगभग ७० प्रतिशत बहुपक्षीय स्रोतबाट प्राप्त भएको रकम हो तर यो रकम आफैंमा पर्याप्त छैन । जलवायु न्याय सुनिश्चित गर्न नेपालको आवश्यकताअनुसार न्यायोचित र पारदर्शीरूपमा अनुदान वृद्धि, सस्तो ऋणको व्यवस्थापन, प्रविधि हस्तान्तरण र सामुदायिकस्तरमा आधारित योजनाहरू प्राथमिकतामा पर्नुपर्छ ।

विशेषगरी हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयमा विश्वसमुदायको ध्यानाकर्षण गराउने लक्ष्यका साथ शुक्रबारदेखि आइतबारसम्म विश्वकै उच्च शिखर सगरमाथाका नामबाट 'सगरमाथा संवाद' सम्पन्न भएको छ । यस संवादमा हिमालमा जलवायु परिवर्तनले परिरहेको असर, पर्वतीय क्षेत्रका बासिन्दाले भोगिरहेका जलवायुजन्य संकटले निम्त्याएको समस्या प्रस्तुत गरी विश्व समुदायको ध्यानाकर्षण गराउने काम भएको छ । जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरका विषयमा सबैको साझा धारणा बनाउने लक्ष्यका साथ आयोजना गरिएको यस संवादबाट जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल गर्न जलवायुका असरसँग जुध्नसक्ने क्षमता बढाउने गरी रणनीतिसहित घोषणापत्र जारी भएको छ ।

नेपालले पनि जलवायु अनुकूलनका कार्यक्रम अब थप विलम्ब नगरी योजना आयोगबाट होइन, स्थानीय तहबाट सुरु गर्नुपर्दछ । निर्णय प्रक्रियामा महिला, जनजाति, दलित, युवा र गरिब समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्दछ । जलवायु शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ र सबै सार्वजनिक परियोजनामा जलवायु प्रभाव मूल्यांकन अनिवार्य गर्न आवश्यक छ ।

यसैगरी सबै नागरिकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । वृक्षरोपण, ऊर्जा बचत, वैकल्पिक ऊर्जा प्रयोग, प्लास्टिकको प्रयोग घटाउने, सार्वजनिक सवारी प्रयोग र वातावरणमैत्री जीवनशैली अपनाएर जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिन्छ ।

अन्त्यमा, जलवायु न्याय केबल सहानुभूतिको मुद्दा होइन, यो जिम्मेवारीको प्रश्न हो । नेपालजस्ता मुलुकले पाएको असरको न्यायोचित क्षतिपूर्ति, अनुकूलन र भविष्यको सुरक्षाका लागि नीतिगत दृढता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता र स्थानीय समावेशी कार्यान्वयन अपरिहार्य छ । जलवायु न्याय सुनिश्चित नगरेसम्म न त विकास सम्भव छ, न नै शान्ति, समृद्धि र भविष्यको अस्तित्व । *रासस*

***(लेखक पिपिनेट नेपालका अध्यक्ष तथा विपद् व्यवस्थापनका क्षेत्रका अभियन्ता हुन्)***






बैकुण्ठ भण्डारी

# सानालाई ऐन, ठूलालाई चैन !

रमिला भाउजु निकै खुसी देखिएकी छिन् । किनकि उनलाई पञ्च भेलाले गाउँका हरेक आर्थिक गतिविधि नियाल्ने जिम्मेवारी दियो । रमिला भाउजु गाउँका हरेक गतिविधिमा संलग्न नभए पनि आफ्ना चम्चे र हुक्के, झोलेहरूलाई निगरानी गराउन पठाउँथिन् ।

टोल सुधार समितिदेखि विद्यालय व्यवस्थापन समितिमासमेत उनकै हालिमुहाली थियो । सामुदायिक वन संरक्षणका नाममा गरिने रुख तस्करीमा त कुरै छाडौं । भाउजुको मुख्य भूमिका नै छ । उता नहरको पानीमा गढबढ पनि भाउजुकै निर्देशनमा चल्ने गर्दथ्यो ।

भाउजु यति चल्दापुर्जा छिन् कि भाइले मिलको बिजुलीको पैसा तिर्न त परै जाओस् एउटा लाइन त सीधै पोलबाट मेसिनमा । कहिलेकाहीँ बिजुली अड्डाबाट अनुगमन गर्न आउँदा सीधै बत्ती चोरी त भन्दैनथे कानुनविपरीत भयो भन्दा बिजुली अड्डाको हाकिमको नै सरुवा हुन्थ्यो ।

यति धेरै 'पावरफूल' भाउजुले त्यत्ति जाबो जिम्मेवारी पाउँदा पनि छिमेकीहरूले रिस गरेर हैरान छ । चिया पसलमा बेरोजगार युवादेखि चौतारामा गफिने ज्येष्ठ नागरिकहरूबीच चर्चा भाउजुकै हुने । चौतारीमा गफिँदै गर्दा अर्जनु काकाले भन्दै थिए- 'होइन हो हरि ती रमिलालाई किन पञ्चभलाद्मीले त्यस्तो जिम्मेवारी दिएका हुन् के ? पोहोर डाँडागाउँकी साइँलीकी छोरीलाई मुम्बई पुर्‍याएर आएको आरोप लाग्या थ्यो त ।'

'कुरा त ठीकै हो दाजै तर के अर्नु यी पञ्चभलाद्मी भन्ने कि पञ्चस्वाँठ भन्ने ! यस्ताका कुरा हामीले मानिदिनुपर्ने छ । रमिलाले के-के मात्र उपद्रो गरेकी छिन् भन्ने कुरा त दुनियाँलाई थाहा छ नि । तै पनि खै त झ्यालखाना लानुपर्नेलाई उल्टै त्यसरी 'नाइके' बनाइदिएका छन् हुतिहाराहरूले,' हरिले अर्जुनलाई भने ।

'अनि नेपाल बाजेका छोराले त उता कारखानाका लागि सरकारी नियम नै धोती लगाइदिएका रै'छन् त गाउँ पञ्चायतको अध्यक्ष भाका बेलामा ।' फेरि अर्जुन काकाले हरिलाई सोधे ।

'छाडिदिउँ है दाजु यी ज्यानमाराहरूको कुरा । यिनका कुरा गरेर कति आयु बढाइदिनु ! नपाउनेले के पायो केरैसमेत चपायो भन्थे त्यस्तै हो ।

विचरा त्यो गल्ती नै नगरेको बागेश्वरी दाइको कान्छोलाई यिनी पञ्चस्वाँठहरूको मिलेमतोमा झ्यालखाना पुर्‍याएका छन् । गल्ती गर्ने अरु दुःख भोग्दै छ, त्यो विचरो बागेश्वरी दाइको कान्छो ।'

'त्यही त हाम्रो देशको कानुन पनि कस्तो-कस्तो नुन नहालेको तरकारी जस्तो ।' अर्जुन काका बोले ।

'हो दाइ, नेपालको कानुन जसले बनाउँछ उसैले जानुन् भनेको त्यही भएर रहेछ । वन बेच्ने नेता, माटो बेच्ने नेता, मान्छे बेच्ने नेता, नदी र सीमा बेच्ने नेता अनि हामी जनता यता न उता ।'

'त्यही त कुरै नबुझी दौडिने हामी पनि त हौ नि ? 'हामीले छान्ने बेला त्यही रमिलाका जोइपोइजस्तालाई छान्छौं अहिले पुर्पुरोमा हात राखेर के गर्नु ?' अर्जुन काकाले भने ।

'त्यस्तो होइन हो । उनीहरूको नाइके उनीहरूले नै बनाउँछन् । रमिलाका पोइ श्रीधरेलाई हामीले नचिनेको हो । माथिदेखि तलसम्म उस्तै छ । नेताका स्वास्नीहरू सबै नेता भएर भत्ता हसुरेका छन् । अनि हामीले स्वीकारेका छौं त,' हरिले स्पष्ट पारे ।

'त्यही त अचम्म छ के ! यही श्रीधरे नै हेरौं । ग्राम पञ्चायत यसलाई पो जिताका हुन् त तर त्यसकी जहान कसरी पदमा पुगिन् ?'

हरि हाँसे- 'हत्तेरीका दाइ यति जाबो कुरा पनि कस्तो बुझ्नुभाको हो । शिरदेखि नै त्यस्तै चलन छ । कसैका जहान, कसैका छोरीज्वाइँ, छोरा यस्तै यस्तैले त हो नि पद पाउने, जिम्मेवारी पाउने । जति नै दुष्कर्म गरे पनि झ्यालखाना नै जानुपर्ने काम गरेको भए पनि यिनलाई छुट हुन्छ !'

'हैन त्यस्तो पनि कानुन हुन्छ त ? कसैलाई काखा कसैलाई पाखा गर्ने !' अर्जुनले फेरि सोधे ?

'हुन्छ । अहिलेको नेपाल भनेकै यही हो सानालाई ऐन ठूलालाई चैन भन्छन् नि । ठूलाले जति नै अपराध गरे पनि दाइभाउजु भनेरै मिल्छ तर देवरहरू त हिस्सै हुन् । बागेश्वरी दाइको कान्छो होस् कि दुर्गेको छोरो रवीन्द्र होस् । अपराध नगरे पनि अपराधी हुन्छन् । अहिले त समय नै भाउजुको छ हो भाउजुको । देवरहरू त उही हो । रमिला भाउजु हेरे पुगि गो अन्त टाढा जानै पर्दैन ।'

'किन यस्तो भाको होला हो हाम्रो गाउँ ? यति सुन्दर र सबै मिलेर बसेको गाउँमा दुई-चार जना बज्रस्वाँठहरूले खै के गरे गरे । यिनकै कारण वनमा कोइली कराउन छाडे । पाखामा बाख्रा चर्न छाडे, तल बेसीँमा खल खेत नै बाँझियो ।' अर्जुन काका विरक्तिए ।

विरक्तिएका अर्जुन काकालाई ढाडस दिँदै हरि भन्छन्, 'अब किन चिन्ता गर्छौं हो दाइ । छोराछोरी विदेश पठाका छँदै छौ । गाईगोठ रित्तो भइहाले । छ महिना यता छ महिना उता गरे भैगो नि ।'

'तिमीले भनेजस्तो कहाँ सहज छ र । अर्काको भूमिमा बस्न सकिनँ हो म त । ऊ बेला एकपटक जाँदा नै वाक्क भएर फर्केको । एक्लै भएपनि आफ्नै गाउँ नै ठीक छ । खाली ठूलालाई चैन सानालाई ऐन भएर मात्र हो ।'

'साँच्चै ती नेपाल बाजेका छोरालाई झ्यालखाना लान्छन् कि लाँदैनन् ? त्यत्रो जग्गामा काण्ड गरेका रै'छन् त,' अर्जुन काकाले जिज्ञासा राखे ।

'जाँदैनन् हो जाँदैनन् ! न नेपाल बाजेका छोरा जान्छन् । न त मान्छे तस्करी गर्ने भाउजुहरू नै झ्यालखाना जान्छन् ! ठूलाबडा भनाउँदाहरूलाई नेपालको कानुनले छुँदै छुँदैन ! कानुन त उही सानाका लागिमात्र हो । देशै बेचे पनि यिनीहरू सर्वश्रेष्ठ प्राणी हुन् । कानुनले खोज्दैन ! ज्यानमारा, तस्करी, मान्छे बेचुवा, कर छलुवा, व्यापारीले चलाएको देशमा उनीहरूले भनेका मान्छेले बनाएको कानुनमा न्याय मरिसक्यो । अब न मानव तस्करीमा परेका झ्यालखानामा जान्छन् । न भ्रष्टाचारी कठघरामा उभिन्छन् । सोझा सिधा सानो गल्ती गर्नेहरू गरिवहरूका लागि मात्र हो झ्यालखाना । सानालाई ऐन, ठूलालाई चैन । त्यसै भनिराको हो र ? ल भैगो छाडिदिउँ यस्ता कुरा । घाम ढल्कन थाले जाउँ अब । बाँकी कुरा भोलि गरौंला ।'

दुवै उठ्छन् । कताबाट गुलेलीबाट हानेको मटयाङ्ग्रा लागेर रुखका गुँडबाट चौतारामा दुईवटा भँगेर फुत्रुक्क झर्छ । भँगेरा चौतारामा छट्पटिन्छ । त्यो देखेर अर्जुन काका भन्छन्, 'लौ हेर, यस्तै हो हाम्रो जिन्दगी पनि ।'

दुवै आफ्नो बाटो लाग्छन्



**रानाथारु संग्रहालय** | कञ्चनपुरको पुनर्वास नगरपालिका–१ भकुण्डास्थित रानाथारु संग्रहालय परिसरमा राखिएको राना थारु समुदायका महिला र पुरुषको प्रतिमा । रानाथारु समुदायका संस्कृति रहनसनसम्बन्धी सामग्री राख्नका लागि संग्रहालय निर्माण गरिएको हो । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु⁄रासस*

# यार्सा संकलनका लागि मुगुका बासिन्दा पाटनतिर

**मुगु-** जिल्लाको पूर्वी करान भेगमा पर्ने मुगुम कार्मारोङ गाउँपालिकाको वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा संकलनका लागि याम सुरु भएको छ ।

यार्सा संकलनको समय सुरु भएसँगै गाउँपालिकाकाले यही जेठ १३ गतेबाट वन प्रवेश खुला गर्ने भएको हो । गाउँपालिकाका दुई दर्जन बढी पाटनमा पाइने यार्सागुम्बा संकलनका लागि जिल्लाका बासिन्दा र बाहिर जिल्लाबाट सर्वसाधारण यार्सा संकलनका लागि आउने गर्दछन् ।

जिल्लावासीका लागि प्रतिव्यक्ति दुई हजार रूपैयाँ र बाहिरी जिल्लाबाट आउने संकलनकर्ताका लागि दुई हजार ५०० रूपैयाँ वन प्रवेश शुल्क निर्धारण गरिएको गाउँपालिकाकाले जनाएको छ । जेठ १३ गते वन प्रवेश खुला गरिने भएकाले वन प्रवेशपछि यार्सा संकलनका क्रममा वातावरणमा असर पुग्ने खालका क्रियाकलाप नगर्न संकलनकर्तालाई गाउँपालिकाकाले आग्रह गरेको छ ।

यार्सा संकलनका समयमा सिसा प्लास्टिकजन्य वस्तु नफाल्न र जथाभावी रुख बिरुवा नकाट्न तथा चोरी नगर्नसमेत आग्रह गरिएको गाउँपालिकाका अध्यक्ष छिरिङक्याप्ने लामाले बताए ।

गाउँपालिकाको वडा नं १ र २ मा रहेका रिर्माण, ठूलो कोइकी, सानो कोइकी, छापाखोला, चार्कुलगायतका दुई दर्जनभन्दा बढी वन तथा पाटनमा यार्सागुम्बा पाइन्छ । वन प्रवेशका लागि गाउँपालिकाले वन प्रवेश शुल्क बुझाएका संकलनकर्ताले जेठ १३ गते बिहान वन क्षेत्रमा प्रवेश गर्न पाउने छन् ।

### विकट उच्च हिमाली भू-भाग सुरक्षामा चुनौती

मुगुम कामारोङअन्तर्गत पर्ने पाटन क्षेत्रमा सुरक्षा चुनौतीले अनुमति नलिई यार्सागुम्बा संकलन गर्न वन प्रवेश गरिसकेका छन् । गाउँपालिकाको निर्णयअनुसार जेठ १३ गतेपछि मात्र यार्सा संकलनका लागि पाटन प्रवेशको अनुमति दिने भनिए पनि यार्सा चोरी गर्ने वन प्रवेश गरिसकेका छन् । सुरक्षा चुनौतीसँगै चोरी गर्ने मनसायले यार्सा संकलक समयअघि नै सयौं जना पाटन क्षेत्रमा प्रवेश गरेका छन् । गाउँपालिकाका स्थानीयका अनुसार दैनिक २०० भन्दा बढी व्यक्ति, स्थानीय र बाहय जिल्लाका यार्सा संकलक रातारात पाटन प्रवेश गरी यार्सा संकलनमा लागेका छन् ।

अवैध प्रवेशबारे सूचना आएपछि गाउँपालिका, सुरक्षा निकाय र सरोकारवालाबीच बैठक बसी नियम उल्लंघन गर्नेमाथि कडा जरिवाना र कानुनी कारबाहीको तयारी गरिएको गाउँपालिकाले जनाएको छ । गत वर्ष यार्सा संकलनमार्फत गाउँपालिकाले ७१ लाख रूपैयाँ राजस्व संकलन गरेको थियो । यस वर्ष त्योभन्दा बढी ८० लाख रूपैयाँसम्म राजस्व संकलन गर्ने लक्ष्य लिएको गाउँपालिका अध्यक्ष लामाले जानकारी दिए ।

यार्सा संकलनलाई व्यवस्थित गर्न गाउँपालिकाले नेपाल प्रहरी, सशस्त्र प्रहरी र सरोकारवालासँगको समन्वयमा अनुमति प्रणाली कडाइका साथ लागू गर्ने जनाएको छ । पछिल्ला केही वर्षदेखि यार्सागुम्बाको परिमाण कम हुँदै गएको स्थानीयको भनाइ छ । यार्साको संरक्षण र व्यवस्थापनमा चुनौती थपिँदै जाँदा पालिकाले नियम पालना गराउन थप सुरक्षा चुनौती थपिएको छ । *रासस*

# अझै बनेन दुई वर्षअघि भासिएको बिरिङको पुल

**झापा-** यहाँको अर्जुनधारा नगरपालिकास्थित बिरिङ खोलामा दुई वर्षअघि बाढीले भासिएको पक्की पुल अझैसम्म बनेको छैन । झापाको विर्तामोडबाट अर्जुनधारा हुँदै इलामको माइ नगरपालिका जोड्ने उक्त पुलमा जोखिम मोलेर साना सवारी आवतजावत गरिरहेका छन् ।

स्थानीय मेघराज रम्तेलले भासिएको पुल तत्काल मर्मत सम्भार गर्न सरकारले चासो नदेखाएको बताए । उनी भन्छन्, 'पहिलो वर्ष त बजेट थिएन होला भनेर चित्त बुझायौं, अब दोस्रो वर्ष पनि नबन्दा चाहिँ चिन्ता लागेको छ ।'

हिउँदमा सवारी आवागमन हुने उक्त पुल बर्खामा बन्द हुने गरेको छ । पुलको छत भासिएर खोलामा पुगेको कारण अब सो स्थानमा नयाँ पक्की पुल बनाउनु पर्ने स्थानीयवासीको माग छ । बर्खाको बाढी पुलमाथिबाट बग्ने गरेको छ ।



अर्जुनधारा नगरपालिकाका सूचना अधिकारी हेमराज सेढाईंले पुल निर्माणमा बजेट व्यवस्थापनका लागि पालिकाले संघीय सरकारसँग अनुरोध गरेको बताए । 'सभामुख देवराज घिमिरे र भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहालले चासो देखाउनुभएको छ,' उनले भने, 'उहाँहरूले पुलको अवस्था हेर्नुभएको पनि छ र आगामी वर्षको बजेटमा पुल पर्ने आशा गरेका छौं ।'

नगरपालिकासँग नयाँ पुल निर्माण गर्न पुग्ने बजेट नभएको जनाउँदै उनले संघीय सरकारकै बाटो कुर्नु बाध्यता भएको बताए । पुल भासिएर काम नलाग्ने भइसकेको कारण मर्मतसम्भारबाट काम नचल्ने उनको भनाइ छ । वि.सं. २०६५ सालमा भारत सरकारको दुई करोड रूपैयाँको सहयोगमा उक्त पुल निर्माण गरिएको थियो । पुल निर्माणसँगै सो सडकमा लामो दूरीका यातायातसमेत चल्न थालेका थिए ।

सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी वीपिन ढुंगानाले चालु आर्थिक वर्षको कार्ययोजनामा सो पुल नपरेको बताए । *रासस*

# रामपुर नगरपालिका पूर्णखोप सुनिश्चितता

**पाल्पा (प्रस)–** पाल्पाको रामपुर नगरपालिकालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको छ । नगरपालिकाभित्र रहेका बालबालिकाले पूर्णखोप लगाएको सुनिश्चितभएसँगै पूर्णखोप दिगोपना सुनिश्चित घोषणा गरिएको हो ।

योसँगै जिल्लाका आठवटा पालिका पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा भएको छ । रामपुर नगरपालिकामा जिल्लाखोप समन्वय समिति पाल्पाले प्रमाणपत्र हस्तान्तरण गरेको छ ।

जिल्ला खोप समन्वय समितिका संयोजक टंकनाथ खनाल, स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखेलले, रामपुर नगरप्रमुख रमणबहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डित, स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेलाई पूर्णखोप सुनिश्चितता भएको प्रमाण पत्रप्रदान गरी पूर्णखोप सुनिश्चित पालिका घोषणा गरेका हुन् ।

यस वर्ष रामपुर नगरपालिकासँगै आठ पालिका पूर्णखोप सुनिश्चित पालिका भइसकेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख पोखरेलले जानकारी दिए । उनका अनुसार जेठ ६ गतेभित्र बाँकी दुई पालिकालाई पनि घोषणा गरिने छ ।

जिल्लामा चालु आर्थिक वर्षभित्र कुनै पनि महिला घरमा प्रसूति हुनु नपरेको तथ्यांक प्रस्तुत गर्दै जिल्लालाई पहिलो संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणाको तयारी भइरहेको पोखरेलले जानकारी दिए । संघीयतापश्चात् २०७९ देखि पाल्पालाई निरन्तर तेस्रो वर्षसम्म पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गर्न सफल भएको उनको भनाइ छ ।

चालु आर्थिक वर्षमा जन्मदेखि १५ महिनासम्मका ५५७ र १६ महिना देखि ५९ महिना सम्ममा एक हजार ९७३ जनाले पूर्णखोप प्राप्त गरेको तथ्यांक रहेको रामपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले जानकारी दिए । कार्यक्रमको अवसरमा नगरभित्रका १० वटै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा र वडा नं १ लाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा घोषणा गरिएको छ । पाल्पालाई २०७० फागुन १३ गते नेपालकै पहिलो पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो ।

# विद्यार्थी नभएपछि बेनीका दुई विद्यालय बन्द

**म्याग्दी (प्रस)-** विद्यार्थी नभएपछि बेनी नगरपालिकाको दुई विद्यालय बन्द भएका छन् । बेनी-५ को माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय बन्द भएका हुन् ।

बेनी नगरपालिकाका शिक्षा अधिकृत कमल ढकालले नयाँ शैक्षिक सत्रमा कोही पनि विद्यार्थी भर्ना हुन नआएपछि दुईवटै विद्यालयका शिक्षकलाई नजिकको विद्यालयमा व्यवस्थापन गरिएको बताए । 'बन्द भएका जगन्नाथ र ओखले आधारभूतलाई विद्यार्थी संख्या न्यून भएकाले गत शैक्षिक सत्रमा १-३ बाट कक्षा घटुवा गरेर बालकक्षा मात्र सञ्चालन भएको थियो,' उनले भने, 'यसपालि बालकक्षा पढ्ने विद्यार्थी पनि नभएपछि विद्यालय बन्द भएका हुन् ।'

गत वर्ष ओखले आधारभूतमा पाँच र जगन्नाथमा तीन जना विद्यार्थी थिए । ओखलेका बालविकास सहयोगीलाई दीपक मावि र जगन्नाथका बालविकास सहयोगीलाई डिम्ब आधारभूतमा व्यवस्थापन गरिएको नगरपालिकाले जनाएको छ । सुविधायुक्त भवन, इन्टरनेट, विद्युत्, खानेपानी, शौचालय, कम्प्युटरसहितका पूर्वाधार उपलब्ध भए पनि बसाइँसराइका कारण ग्रामीण भेगका सामुदायिक विद्यालयमा बर्सेनि विद्यार्थी संख्या घट्दै गएको छ । नगरप्रमुख सुरत केसीका अनुसार कक्षा सञ्चालनका लागि आवश्यक विद्यार्थी संख्या नपुगेपछि शैक्षिक सत्र २०७९ मा ११ र २०८० मा सातवटा विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरिएको थियो ।

तीव्र बसाइँसराइ, निजी विद्यालयतर्फको आकर्षण, अभिभावकको विश्वास जगाउन नसक्नु, अंग्रेजी माध्यमबाट पठनपाठन गर्न नसक्नुले सामुदायिक विद्यालय संकटमा पर्न थालेका छन् भने विषयगत शिक्षक नपाउनु अर्को समस्या भएको नगरप्रमुख केसीले बताए ।

# नदी कटान रोक्न 'कम्पोजिट' पर्खाल



**म्याग्दी (प्रस)-** नदी कटान र बाढी नियन्त्रण गर्न म्याग्दीको बेनी नगरपालिका-४ सिंगा तातोपानीमा 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण भएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा संघीय र प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट म्याग्दी नदी किनारको फरक-फरक ठाउँमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा र जलस्रोत, सिँचाइ तथा खानेपानी डिभिजन कार्यालयले पक्की पर्खाल निर्माण गरेका हुन् ।

गत फागुनदेखि सुरु भएको दुईवटै योजना बर्खा सुरु हुनुअघि नै सम्पन्न भएको तातोपानीका बासिन्दा दिनेश केसीले बताए । एक करोड ५५ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको साहाना-बिआरटी जेभी पर्वतले सरस्वती माविमुनि कम्पोजिट प्रविधिको पर्खाल निर्माण गरेको छ । यो योजनाका लागि दुई करोड ७० लाख रूपैयाँ लागत अनुमान गरिएको थियो ।

म्याग्दी नदीको किनारमा कटान नियन्त्रणका लागि ६६ मिटर लामो, चार मिटर चौडाइ भएको तीनतीन मिटर अग्लो कंक्रिट र त्यसमाथि ग्याविन पर्खाल निर्माण भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इन्जिनियर नरजङ गुरुङले बताए ।

जलस्रोत, सिँचाइ तथा खानेपानी डिभिजन कार्यालयले विनियोजन गरेको ५० लाख रूपैयाँ बजेटबाट ठेक्का पाएको कम्पनी शान्ति निर्माण सेवाले उपल्लो तातोपानी बजारको पछाडि पक्की पर्खाल निर्माण गरेको छ । यो ठेक्कामार्फत ४० मिटर लामो पलम, सेयर र ग्याबियन पर्खाल निर्माण भएको कार्यालयका प्रमुख डिभिजनल इञ्जिनियर झलकमोहन ओझाले बताए ।

वि.सं. २०७८ मा म्याग्दी नदीमा आएको बाढीले तातोपानीस्थित फापरखेत र मसारमा कटान गरेको थियो । मसारमा दुईवटा घर भत्किएका थिए । फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई भगवती आमा समूहको भवन र मसारको १७ घर नदी कटानको जोखिममा छन् । करिब १०० घरपरिवारको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि म्याग्दी नदीको कटानको जोखिममा छ ।

यसअघि ग्याबियन पर्खाल निर्माण गरेर नदी नियन्त्रण गरिँदै आएकामा यसपालिदेखि पक्की पर्खाल निर्माण गर्न थालिएको वडाध्यक्ष अणबहादुर खड्काले बताए । प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिंगा तातोपानी र बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि चालु आवमा बहुवर्षीय स्रोत सुनिश्चित भएको १० करोड रूपैयाँ बजेटको योजना कार्यान्वयनका लागि पनि ठेक्का प्रक्रियामा छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इञ्जिनियर गुरुङका अनुसार तातोपानीमा १०२ मिटर र बेनीको दरवाङ बजार पछाडि १६५ मिटर कम्पोजिट पर्खाल निर्माण गर्न लागिएको हो ।


**मलेसियामा रोजगार** कम्पनी : IXORA HOTEL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 323750 | चलानी नं. ६०२३८०५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | House Keeping | 20 | 0 | 1700 | ५४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौं तथा शाखा कार्यालय, इटहरीमा मितिः २०८२ जेठ १३ गते (27th May 2025) मा हुनेछ ।
सम्पर्कः काठमाडौंः ९८५१०७४०१५/९८५१३२७३७९ तथा इटहरीको लागिः ९८०५३५९१५०

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4, Kathmandu, Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

कोशी प्रदेशको सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ तथा लिखुपिके गाउँपालिका वडा नं.१ र ५ मा प्रस्तावित सल्लेरी-६, तामाखानी-पिकेखो-जसमाने भन्ज्याङ मोटरबाटो १३.४७ कि.मि. सडक आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको

**सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०२/०६

प्रस्तावक श्री पूर्वाधार विकास कार्यालय ओखलढुङ्गाद्वारा सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ तथा लिखुपिके गाउँपालिका वडा नं.१ र ५ मा प्रस्तावित सल्लेरी-६, तामाखानी-पिकेखा-जसमाने भन्ज्याङ मोटरबाटो १३.४७ कि.मि. सडक आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन पेश गरेको छ ।

प्राप्त प्रतिवेदन अनुसार प्रस्तावित सल्लेरी-६, तामाखानी-पिकेखो-जसमाने भन्ज्याङ मोटरबाटो १३.४७ कि.मि. सडक आयोजना कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ तथा लिखुपिके गाउँपालिका वडा नं.१ र ५ मा अवस्थित छ । प्रस्तावित सडक सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ थाक्रेबाट सुरु भएर लिखुपिके गाउँपालिका वडा नं. १ मोक्ताङ्जेमा अन्त्य हुन्छ । प्रस्तावित सडकको कुल लम्बाइ १३.४७ कि.मि. रहेको छ । प्रस्तावित आयोजना समुन्द्र सतहबाट २८३८ मि. देखि ३५२१ मि. उचाइको रेन्जमा अवस्थित छ । प्रस्तावित आयोजना भौगर्भिक हिसाबले हायर हिमालयन जोनमा अवस्थिति छ ।

यस सडकको क्षेत्राधिकार ३० मिटर (१५/१५ मिटर दूबैतिर सडक केन्द्र बिन्दुबाट) र कुल फोरमेशन चौडाइ ८.१ मिटर छ । प्रस्तावित सडक आयोजनाको डिजाइन गति ४० किलोमिटर प्रतिघण्टा रहेको छ । यस आयोजनाले १४ वटा स्लेभ कल्भर्ट र २४ वटा पाइप कल्भर्ट निर्माण गर्ने छ । प्रस्तावित सडक DBST सतहको कालोपत्रे प्रकारको रहने छ । आयोजना निर्माणका लागि कुल १०.९१० हे. जग्गा आवश्यक पर्ने देखिन्छ जसमध्ये वन क्षेत्रको १०.५०५ हे. र निजी ०.४०५ हे. जग्गा पर्दछ ।

कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(३) बमोजिम यस प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट https://motfe.koshi.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय सुझावहरूलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले (१०) दिन भित्र आफ्नो लिखित रूपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचना द्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरूः**
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।
श्री सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सोलुखुम्बु ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु ।
श्री पूर्वाधार विकास कार्यालय, ओखलढुङ्गा ।

**राय सुझाव पठाउने ठेगाना :**
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल ।
फो.नं. 021-464045, इमेलः moitfepradesh1@gmail.com



नेपाल सरकार
दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Dynamic Staffing Solution Nepal Pvt.Ltd. (ई.प.नं.८९६/०६७/०६८) को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



**साउदीमा रोजगार** कम्पनी : Remal Asswahel Contracting and Maintenance Co.

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०५ | LT. No. 316201 | चलानी नं. ६०२३०३६१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Agriculture Worker | 25 | 0 | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १३ गते (27th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

प्रभाव दैनिक

रूपशाला

## मोतीराजको भजन 'सुपादेउराली माई' सार्वजनिक

मोतीराज खनालले अर्घाखाँचीको सुपा देउराली मन्दिरको महिमा गुन्जाउँदै भजन सार्वजनिक गरेका छन् । अर्घाखाँची जिल्लास्थित प्रसिद्ध धार्मिक स्थल सुपा देउराली मन्दिरको महिमा समेटिएको भजन 'जय जय भगवती सुपा देउरालीकी माई' सार्वजनिक भएको हो । भजनमा लोकसंगीत क्षेत्रमा लामो समयदेखि सक्रिय बहुप्रतिभाशाली कलाकार मोतिराज खनालको नेतृत्व, स्वर, संगीत र अभिनय रहेको छ । संगीत, शब्द, अभिनय तथा निर्देशन सुरज खनालको रहेको छ ।




मंगलबार, ०६ जेठ, २०८२ (Tuesday, May 20, 2025)

# बक्स अफिस अन्तर्राष्ट्रिय इभेण्ट सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं–** बक्स अफिस इन्टरनेसनल ग्रुपको आयोजना तथा ग्लोबल एक्ट्रेस फेडेरेशन (विश्व कलाकार महासंघ)को सहकार्यमा थाइल्यान्ड, मलेसिया, सिंगापुर र श्रीलंकाको दुई हप्ताको अन्तर्राष्ट्रिय कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । वैशाखको १९ गते शुक्रबारदेखि शुरु भएको बक्स अफिस अन्तर्राष्ट्रिय इभेण्ट आयोजनामा नेपालबाट विभिन्न व्यक्तित्वहरू थाइल्यान्ड सिंगापुर, मलेसिया, ब्रुनाई र श्रीलंकाको कार्यक्रम आयोजनाको लागि टोली नेपालबाट त्यसतर्फ लागेको थियो ।

करिब दुई हप्ताको बसाइमा आयोजक संस्था बक्स अफिस इन्टरनेशनल ग्रुपले थाइल्यान्डको पतैयाको गोल्डेन बिच होटलमा विविध रचनात्मक कार्यक्रम तथा सम्मान कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । बक्स अफिस इन्टरनेसनल ग्रुप तथा विश्व कलाकार महासंघ थाइल्यान्ड पतैया सेक्टरका आजीवन सदस्य विक्रम अधिकारीको संयोजकत्वमा पतैया कार्यक्रम भव्य रहेको थियो । त्यसैगरी थाइल्यान्डको अर्को पर्यटकीय शहर फिपी आइल्याण्डमा आयोजक संस्थाले करिब २८ मिटरको नेपालको राष्ट्रिय झन्डा फरफराउँदै फरक किसिमको साँस्कृतिक कार्यक्रम सम्पन्न गऱ्यो ।

संस्थाले फुकेटदेखि फिफी आइल्याण्डको करिब ५ घन्टाको पानीजहाजको यात्रामा भव्यरूपमा सम्पन्न भएको उक्त बक्स अफिस अन्तर्राष्ट्रिय इभेण्ट कार्यक्रम आयोजनामा विश्व कलाकार महासंघको आजीवन सदस्यबाट विभिन्न व्यक्तित्वहरूलाई पनि सम्मान गरेको छ । फिपी आइल्याण्डको कार्यक्रममा भारतीय जनता पार्टीका नेता तथा विभिन्न सामाजिक-धार्मिक व्यक्तित्वहरूको आथित्यतामा वरिष्ठ पत्रकार तथा अर्थप्रधान पत्रिका क्रसचेक मासिकका सम्पादक-प्रकाशक टंक कार्की, समाजसेवी तथा व्यवसायी रामशरण बानियाँ, मान बहादुर पुजु, निर्माता-कलाकार विश्वराम विष्ट, मोडल सन्ध्या दियाली लगायत थुप्रै व्यक्तित्वहरू सम्मानित भएका छन् ।

थाइल्याण्डको महत्वपूर्ण पर्यटकीय शहरमा विविध कार्यक्रम आयोजनापछि बक्स अफिस इन्टरनेसनल ग्रुप तथा ग्लोबल एक्ट्रेस फेडेरेशनको जम्बो टोली सिंगापुर, मलेसिया, श्रीलंकाको विभिन्न शहरमा विभिन्न कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेर यो साता स्वदेश फर्केको कार्यक्रम संयोजक तथा संस्थाका अध्यक्ष आर के सुवेदीले बताए ।

अहिले आयोजक संस्था आफ्नो अर्को महत्वपूर्ण कार्यक्रम आयोजना नेसनल बक्स अफिस म्युजिक भिडियो अवार्ड तथा म्युजिक फुटबल कप २०८२ संस्करणको आयोजनामा जुटेको छ ।

यही जेठ २७ देखि ३१ गतेसम्म नेपाली गीत-संगीत बजारको बृहत् अवार्ड तथा एकमात्र म्युजिक फुटबल प्रतियोगिताको भव्य आयोजना हुँदैछ । नेसनल बक्स अफिस म्युजिक अवार्ड तथा म्युजिक फुटबल कपको भव्य आयोजनालगत्तै आयोजक संस्था बक्स अफिस इन्टरनेसनल ग्रुप तथा विश्व कलाकार महासंघले असार २० देखि २६ सम्म युएई र ओमानमा सप्ताहव्यापी कार्यक्रम आयोजना गर्ने तालिका सार्वजनिक गरेको छ ।

त्यसैगरी साउनको तेस्रो सातादेखि चीन, मकाउ, हङकङ र जापानको बृहत् कार्यक्रम आयोजनामा केन्द्रित रहेको कार्यक्रम संयोजक आर के सुवेदीले जानकारी दिएका छन् ।

## 'डिएसए स्टार २०२५'का विजेता छनोट

**काठमाडौं (प्रस)–** १६ औं 'डिएसए स्टार २०२५' मा चार शीर्ष विजेता छानिएका छन् । प्रतियोगिता 'मिनी डान्सिङ स्टार', 'जुनियर डान्सिङ स्टार', 'प्री-टिन डान्सिङ स्टार' र 'सिङगिङ स्टार' ४ विजेता छानिएका हुन् ।

प्रतियोगितामा 'मिनी डान्सिङ स्टार' तर्फ अदि्भका लामिछाने विजेता बन्दा रुविना राई 'फस्ट रनर अप' र एलिस्मा वाइवा 'सेकेन्ड रनर अप' भइन् । त्यस्तै 'जुनियर डान्सिङ स्टार' तर्फ समृद्धि शाहले शीर्ष उपाधि जित्दा दिसिका घिसिङ 'फस्ट रनर अप', युनिका बोगटी 'सेकेन्ड रनर अप', सुविसा बोहोरा 'थर्ड रनर अप', साहारा भुजेल 'फोर्थ रनर अप', निर्भरा बस्नेत 'फिफ्थ रनर अप', कस्तुप तामाङ 'सिक्स्थ रनर अप' र श्रीषा धरेल 'सेभेन्थ रनर अप' भए ।

त्यस्तै 'प्री-टिन डान्सिङ स्टार' तर्फ मनिषा श्रेष्ठ विजेता बन्दा रुहिना तामाङ 'फस्ट रनर अप', शिखा तामाङ 'सेकेन्ड रनर अप', एन्जल रानामगर 'थर्ड रनर अप', अनुभव न्यौपाने 'फोर्थ रनर अप', रितु सुनार 'फिफ्थ रनर अप', प्रिशानी बस्नेत 'सिक्स्थ रनर अप' र नेरिसा ढकाल 'सेभेन्थ रनर अप' भइन् ।

यसैगरी 'सिङगिङ स्टार' तर्फ आँचल अधिकारीले शीर्ष उपाधि चुम्दा प्रिन्सेस भण्डारी 'फस्ट रनर अप', कृष सुनार 'सेकेन्ड रनर अप' र रेसन गुरुङ 'थर्ड रनर अप' भए । कलाकार पल्पसा डङ्गोल, डा.रमेश अधिकारी र गायक तथा सङ्गीतकार थानेश्वर गौतम निर्णायक रहेको प्रतियोगितामा गायक विश्व दोङलाई 'राष्ट्रिय स्रष्टा सम्मान २०८२' प्रदान गरियो ।

# इनड्राइभको महिला सशक्तीकरण विशेष योजना

■ प्रभाव संवाददाता

**काठमाडौं –** अन्यायलाई चुनौती दिने र समुदायलाई सशक्त बनाउने उद्देश्यका साथ अघि बढिरहेको ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले, महिला सशक्तिकरण, सामाजिक न्याय, र समुदायमा आधारित परिवर्तनलाई केन्द्रमा राख्दै निर्माण गरिएको एक सशक्त नेपाली वृत्तचित्रको समर्थन गरेकोमा गर्व महसुस गरेको जनाएको छ ।

इनड्राइभले स्थापनादेखि नै समाजमा निहित असमानतासँग लड्न र प्रत्येक व्यक्तिलाई अवसरमा पहुँच दिलाउन नै निष्पक्षता, सशक्तिकरण, र वास्तविक कथाहरूको प्रवर्द्धन गर्दै आएको जनाएको छ । सोही सिद्धान्तअनुरूप, यस वृत्तचित्रको समर्थनले स्थानीय समुदायका प्रेरणादायी कथाहरूलाई विश्वमाझ पुर्याउँदै, समतामूलक समाज निर्माणको दिशामा योगदान पुर्याउने विश्वास इनड्राइभले लिएको छ ।

समतामूलक पहुँच र न्यायको जगमा निर्माण गरिएको इनड्राइभको यात्रामा, यस्ता सशक्त स्थानीय कथाहरूले अझ प्रेरणा दिनेछन् र समुदायमा वास्तविक परिवर्तन ल्याउनका लागि मार्गदर्शन गर्नेछन् ।

कथा-वाचन (स्टोरीटेलिङ) एक शक्तिशाली माध्यम हो, जसले समुदायहरूबिच जागरूकता फैलाउने मात्र होइन, परिवर्तनको वकालत गर्ने प्लेटफर्मसमेत प्रदान गर्छ । विशेषगरी, नेपालसहितका विभिन्न देशहरूमा, महिलाहरूले विभिन्न सामाजिक र सुरक्षा सम्बन्धी चुनौतीहरूको सामना गरिरहेका छन्, र वास्तविक जीवनका कथाहरूले साहस, संघर्ष, र सफलताको प्रेरणादायी यात्रा उजागर गर्न महत्वपूर्ण भूमिका खेल्ने जनाएको छ ।

स्थानीय आवाजलाई बुलन्द पार्ने र न्यायको पक्षमा दृढतापूर्वक उभिने उद्देश्यका साथ, इनड्राइभले नेपालमा महिलाहरूले भोगेका सुरक्षा चुनौतीहरू र उनीहरूले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूलाई उजागर गर्ने वृत्तचित्रहरूलाई समर्थन गर्दै आएको छ । यस पहलले नारी सशक्तिकरणलाई अगाडि बढाउँदै त्यसका साथमा हुने संघर्ष र जितहरूलाई विश्वसामु प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ ।

## रंगशाला

# फुटबलर सावित्राको सम्मानमा 'साम्बा चोक' नामाकरण



■ प्रभाव संवाददाता

**लमजुङ–** नेपाली महिला फुटबल टोलीकी चर्चित फुटबल खेलाडी सावित्रा भण्डारीको सम्मानमा मर्स्याङ्दी गाउँपालिका-९ खुदीपुल वारिको क्षेत्रलाई 'साम्बा चोक' नामाकरण गरिएको छ । सोमबार एक कार्यक्रमबीच मर्स्याङ्दी-९ पामचोकका फुटबलर सावित्राको सम्मानमा साम्बा चोक नामाकरण गरिएको हो ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले साम्बाको तस्बिर राख्दै सोमबारदेखि यस क्षेत्रलाई साम्बा चोक नामाकरण गरिएको घोषणा गरे । आफ्नै ठाउँको चेली सावित्रा फुटबल खेलको क्षेत्रबाट पालिका, जिल्ला मात्र नभई नेपाललाई विश्वसामु चिनाउन सफल भएकाले पालिकावासी हर्षित रहेको उनको भनाइ छ । यस्ता कार्यले सावित्रालाई प्रेरणा मिल्ने र फुटबल क्षेत्रमा स्थापित उहाँलाई सम्मान गर्न साम्बा चोक नामाकरण गरिएको उनले बताए ।

यसैगरी, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले सावित्राजस्तो व्यक्तिका नाममा चोकको नामाकरण हुँदा उनको योगदानको कदर भएको र जिल्लावासीका लागि पनि गौरवको कुरा भएको बताए । उनले साम्बाको जीवन अगाडि बढाउन सशस्त्रले पनि केही भूमिका खेलको बताए ।

यस्तै साम्बाको बुबा थमनबहादुर भण्डारीले आफ्नो छोरीको नाममा चोकको नामाकरण हुँदा धेरै खुसी लागेको बताए । फुटबल क्षेत्रमा योगदान गर्दै नेपाललाई नै चिनाउने काम गरिरहेको र यस्ता सम्मान कार्यले छोरीलाई अझै अगाडि बढाउन हौसला मिल्ने उनको भनाइ छ ।

अन्नपूर्ण पदमार्ग अन्नपूर्ण मनाङ जाने सडकमा अवस्थित मर्स्याङ्दीको चर्चित खुदीबजार पुलको चोकलाई साम्बा चोक नामाकरण गर्दा उनको जन्मस्थानको पहिचान र प्रचारमा थप टेवा पुग्ने सोही वडाका वडाध्यक्ष हरिश्चन्द्र थापाले बताए ।

सावित्रा नेपाली फुटबल क्षेत्रमा साम्बा उपनामले परिचित छिन् । सशस्त्र प्रहरी बल क्लबबाट व्यावसायिक फुटबल खेल्न सुरु गर्नुभएकी साम्बा हाल नेपाली महिला फुटबल टोलीको सर्वाधिक गोलकर्ता समेत हुन् । सावित्रा अन्तरराष्ट्रिय प्रतियोगितामा सर्वाधिक गोल गर्ने नेपाली खेलाडी पनि हुन् । उनी लमजुङको तत्कालीन सिम्पानी गाविस-७ हाल मर्स्याङ्दी गाउँपालिका-९ पामचोक गाउँमा हुर्किएकी हुन् ।

# सूर्य नेपाल च्यालेन्ज आजदेखि

■ प्रभाव संवाददाता




**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज आज (मंगलबार)देखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ ।

७२ होलको चार दिने प्रतियोगितामा ३६ प्रोफेसनल र ११ एमेच्योर खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । ३६ होलको समाप्तीमा कट लागु हुनेछ । जहाँ शीर्ष २१ प्रोफेसनल र एमेच्योर खेलाडीले बाँकी ३६ होलको लागि स्थान बनाउनेछन् ।

चार दिने प्रतियोगितालाई थप रोमाञ्चक बनाउन कोर्सलाई पनि सोही अनुसार कठीन बनाइएको छ । नेपाल नम्बर एक गल्फर भुवन नगरकोटी, यो सिजन उत्कृष्ट फर्ममा रहेका निरज तामाङ, साबिक विजेता रवि खड्का, दिनेश प्रजापति र भारतीय गल्फ टुर खेलिरहेका शुक्र बहादुर राई जस्ता खेलाडीहरूबीच उपाधिको लागि प्रतिस्पर्धा हुने सम्भावना रहेको छ ।

यो पटक नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्यले व्यक्तिगत कारण सहभागीता नजनाउने भएका छन् । सद्भाव सहभागी नहुने भए पनि अर्का एमेच्योर राहुल विश्वकर्माले प्रोफेसनल खेलाडीहरूलाई कडा चुनौति दिन सक्छन् ।

प्रतियोगिताको कुल पुरस्कार राशी ६ लाख रूपैयाँ रहेको छ । विजेताले १ लाख १० हजार रूपैयाँ प्राप्त गर्नेछन् । दोस्रो र तेस्रो हुनेले क्रमश ७० हजार र ५० हजार हात पार्नेछन् । साथै शीर्ष २१ भित्र पर्ने प्रोफेसनल गल्फरहरूले पनि नगद प्राप्त गर्नेछन् ।

चार दिनको मुख्य स्पर्धा पश्चात शनिबार प्रो-एम प्रतिस्पर्धा हुने आयोजक नेपाल प्रोफेशनल गल्फर्स एशोसिएसन (एनपिजिए) ले जनाएको छ । एनपिजिएका अध्यक्ष रविन्द्रमान श्रेष्ठले भने, 'अघिल्ला प्रतियोगिताहरूजस्तै यसपटक पनि खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्ने र उत्कृष्ट स्कोर गर्ने अपेक्षा लिएको छु । खेलको विकासका लागि निरन्तर सहयोग पुऱ्याएको प्रायोजक सूर्य नेपाल प्रा.लि.प्रति हामी आभारी छौं ।'

# एसकेबिसी तेक्वान्दोमा ढल्को टिम च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो एसकेबिसी बागमती प्रदेश आमन्त्रित तेक्वान्दो प्रतियोगिताको उपाधि ढल्को तेक्वान्दो डोजाङले जितेको छ । टोखा नगरपालिकाको बसुन्धारास्थित हेराल्ड इन्टरनेसनल कलेजमा भएको प्रतियोगितामा ढल्को ७ स्वर्ण, ५ रजत र ३ कास्य जित्दै टिम च्याम्पियन बन्यो ।

आयोजक एसकेबिसी तेक्वान्दो क्लब ५ स्वर्ण, ३ रजत र १० कास्यसाथ दोश्रो भयो । तेश्रो स्थानको बालाजु तेक्वान्दो डोजाङले ४ स्वर्ण, ३ रजत र ६ कास्य पदक हात पाऱ्यो ।

प्रतियोगिताको पुरुषमा जैशीदेवल तेक्वान्दो डोजाङका रावलहाङ लिम्बू तथा महिलामा




गोर्खाली तेक्वान्दो डोजाङकी प्रतिमा भुजेल उत्कृष्ट खेलाडी घोषित भए ।

एसकेबिसीका सुवास बोहरा उत्कृष्ट प्रशिक्षक चुनिए भने कुमार लावत उत्कृष्ट निर्णायक ठहरिए । उत्कृष्ट चारैलाई ओप्पो मोबाइल पुरस्कार स्वरूप प्रदान गरियो ।

विजेतालाई टोखा नगरपालिका वडा ५ का अध्यक्ष मदन गुरुङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा गुरुङले प्रतियोगितालाई निरन्तरता दिन हरेक वर्ष बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउदै खेलकुदमार्फत समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउन मद्दत मिल्ने विश्वास व्यक्त गरे ।

टोखा नगरपालिकाको मुख्य प्रायोजन भएको प्रतियोगिताको समापन कार्यक्रममा प्रतियोगिता सफल पार्न सहयोग गर्ने संघ-संस्था र व्यक्तिलाई सम्मान पनि गरिएको थियो ।

एसकेबिसी तेक्वान्दो क्लबका मुख्य प्रशिक्षक तथा प्रतियोगिता संयोजक रञ्जित डंगौराका अनुसार प्रतियोगितामा बागमती प्रदेशका विभिन्न जिल्लाबाट १८ डोजाङ तथा क्लबका गरी ५ सय सिनियर/जुनियर खेलाडी सहभागी थिए ।


दक्षिण कोरियाको सियोलमा आयोजित गुलाव महोत्सवमा फूलहरूको आनन्द लिँदै मानिसहरू । यो महोत्सव मे १६ देखि २४ सम्म चल्छ । *तस्बिरः सिन्हवा*

# व्यापार समस्या समाधानका लागि बंगलादेशले भारतसँग छलफल गर्ने

**ढाका–** भारतले स्थल बन्दरगाहमार्फत बंगलादेशी निर्यातमा प्रतिबन्ध लगाएपछि देशको अन्तरिम सरकारले भारतसँगको सबै व्यापारिक समस्याहरू समाधान गर्न चाहेको बताएको छ । नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको बंगलादेशको अन्तरिम सरकारका सल्लाहकारले बंगलादेश भारतसँग सबै विषयमा छलफल गर्न चाहेको बताए ।

हालै भारतले बंगलादेशबाट सडकमार्फत तयारी पोसाक (रेडिमेड गार्मेन्ट, आरएमजी) फलफूल/फलफूलको स्वाद र कार्बोनेटेड पेयपदार्थ, बेक गरिएका सामान, स्न्याक्स, चिप्स र कन्फेक्सनरी, कपास र कपासको धागोको अवशेष, प्लास्टिक र पिभिसी तयारी सामान र काठको फर्निचरको आयातमा प्रतिबन्ध लगाएको थियो ।

यसअघि बंगलादेशले भारतबाट स्थलमार्गबाट धागो आयात गर्न प्रतिबन्ध लगाएको थियो । भारतले बंगलादेशबाट तेस्रो देशहरूमा सामान निर्यात गर्ने ट्रान्स-सिपमेन्ट सुविधा पनि रद्द गरेको थियो । यसरी दुई छिमेकी देशबीच पारस्परिक व्यापार प्रतिबन्धहरू लगाइँदै छन् ।

'हामीलाई भारतको कदमबारे औपचारिकरूपमा केही थाहा छैन । हामीलाई औपचारिकरूपमा थाहा भएपछि मात्र हामी कारबाही गर्न सक्नेछौं । कुनै समस्या उत्पन्न भएमा दुवै पक्षले छलफल गरेर समाधान गर्ने प्रयास गर्ने छन्,' भारतले लगाएको पछिल्लो प्रतिबन्धबारे बंगलादेश अन्तरिम सरकारका वाणिज्य सल्लाहकार शेख बशिरुद्दीनले पत्रकारहरूलाई भने, 'हामीले सामाजिक सञ्जाल र समाचारबाट थाहा पाएका छौं कि उनीहरू (भारत) ले स्थल बन्दरगाहहरू, विशेषगरी अखौरा र दावकी बन्दरगाहहरू र केही सीमा क्षेत्रका सम्बन्धमा केही निर्णय लिएका छन् । हाम्रो मुख्य लक्ष्य प्रतिस्पर्धात्मकता हासिल गर्नु हो । यो दुवै देशका लागि लाभदायक विषय हो ।'

'भारत आफैं कपडा वा कपडा उद्योगमा धनी देश हो भन्ने हामीलाई लाग्छ । त्यसो भए पनि जब यी उत्पादनहरू हाम्रो देशबाट निर्यात गरिन्छ, यो हाम्रो क्षमताहरूमा आधारित हुन्छ । हामी ट्रान्स-सिपमेन्टबाट प्रभावित हुँदैनौं । हामीले आफ्नै क्षमता प्रयोग गरेर यो समस्या समाधान गरेका छौं,' उनले भने, 'हामी भौगोलिक रूपमा जोडिएको देश भएकाले हाम्रो प्रतिस्पर्धात्मकता, यातायात खर्च र अन्य कारकहरू निश्चित छन् । यस सम्बन्धमा हामी विभिन्न समयमा हाम्रो कृषि उत्पादनहरूको आयातमा प्रतिबन्ध लगाउँछौं, भारतले पनि गर्दछ । यो व्यापार व्यवस्थापनको एक प्रक्रिया हो र हामी त्यसमा काम गरिरहेका छौं, यदि त्यहाँ समस्या उत्पन्न भयो वा विकसित भयो भने, दुवै पक्षले छलफल गरेर समाधान गर्ने प्रयास गर्ने छन् ।' *रासस/एएनआई*


## माछापुच्छ्रे बैंक लिमिटेडको भुल सुधार गरिएको बारे

मिति २०८२/०१/०४ गतेका दिन प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा यस माछापुच्छ्रे बैंक लिमिटेडको शाखा कार्यालय कलैयाका ऋणी कंकाली ईन्टरप्राईजेजको प्रकाशित ३५ (पैंतीस) दिने सार्वजनिक सूचनामा धितोको विवरण निम्न बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोमा भुल सुधार गरिएको छ ।

१. मुटुक साह कानुको नाति, मोहन साह कानुको छोरा, बारा जिल्ला, इनर्वामाल वडा नं. ६ बस्ने सोनीलाल साहको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम भएको बारा जिल्ला, इनर्वामाल गा.वि.स./न.पा. वडा नं. ६ क स्थित कित्ता नं. ६४५ र ६३० को क्षेत्रफल क्रमशः ०-०-१० (वि.क.धु.) र ०-०-१० (वि.क.धु.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. मोहन साह कानुको बुहारी, सोनीलाल साहको पत्नी, बारा जिल्ला, इनर्वामाल वडा नं. ६ बस्ने फुलझरिया देवीको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम भएको बारा जिल्ला, इनर्वामाल गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ११२२ को क्षेत्रफल ०-०-९-८ (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित


# गाजामा खाद्यान्न प्रवेशका लागि दुई महिनापछि इजरायलको अनुमति

**गाजा–** दुई महिनाभन्दा लामो नाकाबन्दी हटाउन बढ्दो दबाबको सामना गरेपछि इजरायलले गाजा पट्टीमा 'आधारभूत खाद्यान्न प्रवाह' लाई अनुमति दिने इजरायली प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। पछिल्लोपटक गाजामा सेनाले अपरेसन अभियान सुरु गरेको घोषणा गरेको केही समयपछि इजरायल र हमासले युद्ध रोक्नका लागि छलफल गरेका छन् ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले सेनाको सिफारिसमा 'गाजामा भोकमरीको अवस्था आउन नदिन' इजरायलले जनताका लागि आधारभूत खाद्यान्न प्रवेशलाई अनुमति दिने जनाएको छ। इजरायलले आफ्नो नाकाबन्दी प्यालेस्टिनी अतिवादी समूहविरूद्ध भएको बताएको छ भने संयुक्त राष्ट्रसंघका निकायहरूले खाना पानी, इन्धन र औषधिको गम्भीर अभावको चेतावनी दिएका छन् ।



इजरायलका सहयोगीसमेत रहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका धेरै मानिसहरू भोकबाट गुज्रिरहेको र हामीले उक्त क्षेत्रमा हेरविचार गर्न गइरहेको बताएका थिए । फ्रान्सेली विदेशमन्त्री जाँ-नोएल ब्यारोले इजरायललाई 'तत्काल विनाअवरोध' सहायताको आपूर्ति पुनः सुरु गर्न अनुमति दिन आग्रह गरेका छन् ।

इजरायली सेनाले गाजा पट्टी, उत्तर र दक्षिणमा स्थलगत अपरेसनहरू सुरु गरेको र प्रमुख स्थानमा सेना तैनाथ गरिएको बताएको छ । इजरायलले बन्धकहरूलाई मुक्त गर्ने र हमासलाई पराजित गर्ने लक्ष्य राखेको भन्दै शनिबारदेखि सुरु भएको अभियानमा दुई पक्षले कतारमा अप्रत्यक्ष वार्ता गरेका थिए ।

नेतान्याहुको कार्यालयले भने दोहाका वार्ताकारहरूले लडाइँ अन्त्य गर्ने सम्झौताका रूपमा सबै सम्भावनाहरू समाप्त गर्ने काम गरिरहेको उल्लेख गरेको छ । मध्यपूर्वका लागि संयुक्त राज्य अमेरिकाका दूत स्टिभ विटकोफ पनि छलफलहरूमा संलग्न रहेका थिए । नेतान्याहुको वक्तव्यमा अधियानमा बन्धकहरूको मुक्ति, हमास समूहको निर्वासन र गाजा पट्टीको निशस्त्रीकरण समावेश हुने बताएको छ ।

मार्चमा इजरायलले दुई महिनाको युद्धविराम भंग गरी आक्रमण पुनः सुरु गरेपछि कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्तामा कुनै प्रगति हुन सकेको छैन । नेतान्याहूले हमासको पराजयविना युद्ध अन्त्य नगर्ने बताएका छन् भने हमासले आफ्ना हतियारहरू बुझाउन अस्वीकार गरिरहेको छ ।

हमासले सबै इजरायली बन्धकहरूलाई एकै पटकमा रिहा गर्न इच्छुक भएता पनि इजरायल 'अस्थायी युद्धविराम'को बदलामा आफ्ना कैदीहरूलाई रिहा गर्न चाहेको जनाएको छ । *रासस/एएफपी*


## मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०२/०६ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा



## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६

यस कम्पनीले अभिकर्ता प्रोत्साहन योजना अन्तर्गत छनौट भएका अभिकर्ताहरुका लागि ५ तारे होटेलमा Gala Concert मा सहभागी गराउनु पर्ने भएको हुँदा टुर सञ्चालक ट्राभल एजेन्सीहरुद्वारा उक्त कार्यक्रमका लागि निम्न उल्लेख गरे बमोजिमको आवश्यकता अनुसारको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**GALA CONCERT:**

१. ५ तारे होटेलमा Gala Concert गरी ५ तारे होटेलमा नै एक दिने बसोबास तथा खाना (Lunch/Hi-tea/Snacks/Dinner/Breakfast) सहितको व्यबस्था हुनुपर्ने।
२. उक्त कार्यक्रममा ४ जना प्रख्यात गायकहरु, एक जना Comedian र एक जना DJ को व्यवस्था गर्नु पर्ने।
३. उक्त कार्यक्रममा २ घण्टाको Stress Management Training गराउने व्यवस्था गनुपर्ने।
४. Gala Concert को लागि ३ वटा LED Screen, Sound, Light, Smoke, Photography, Videography को सम्पूर्ण व्यवस्था गर्नुपर्ने।
५. Program Hall/Stage/Gate/Banner को सम्पुर्ण Decoration गर्नुपर्ने।
६. सुरक्षाका व्यवस्थापनका लागि Security Guard तथा Bouncer हरु उपलब्ध गराउनु पर्ने।
७. कार्यक्रममा सहभागी संख्या करिव २०० देखि ४५० जवान।

**शर्तहरु :**

१. बोलपत्रमा भाग लिनको लागि ट्राभल एण्ड टुर सम्बन्धि कम्तिमा ४ वर्ष कार्यको अनुभव भएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीसँग काम गरेको अनुभव भएको हुनुपर्ने । न्यूनतम १००० देखि १५०० जनाको टुर तथा कन्फरेन्स/सेमिनार/कार्यक्रम संचालन गरेको अनुभव भएको हुनु पर्ने।
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रमहरु सञ्चालन गरेको हुनु पर्ने।
३. बोलपत्रसँग संलग्न हुनुपर्ने प्रमाणित कागजातहरु :
   » कम्पनी दर्ता प्रमाणपत्रहरु
   » पछिल्लो आ.ब.को कर चुक्ता प्रमाणपत्र
   » कम्पनीको विवरणहरु
   » टुर प्याकेज विवरण
   » अनुभवका प्रमाणपत्रहरु
४. बोलपत्र पेश गर्दा प्रति व्यक्तिको टुर प्याकेजको दररेट रकम भ्याट सहित नेपाली रुपैंयामा अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नु पर्नेछ।
५. सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन अर्थात् २०८२।०३।०८ गते कार्यालय समय साँझ ०४:३० बजे भित्र पेश गर्नुपर्नेछ।
६. सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो विदाको भोलिपल्टलाई बोलपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ। साथै सो बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट यस कम्पनीको प्रधान कार्यालयमा खोलिने छ।
७. प्राप्त कुनै पनि प्रस्तावहरुलाई कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

National Life
for a secure future....
लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९, वेभः www.nationallife.com.np


# ब्रेक्जिटपछिको पहिलो सम्मेलनमा घनिष्ठ सम्बन्ध कायम गर्ने बेलायत-इयू तयार

**लण्डन–** पाँच वर्षअघि युरोपेली संघ (इयू) बाट बेलायतको विवादास्पद बहिर्गमनपछि नयाँ अध्याय खोल्दै बेलायती प्रधानमन्त्री किर स्टार्मर सोमबार एक ऐतिहासिक सम्मेलनमा इयूसँग घनिष्ठ सम्बन्धका लागि सम्झौता गर्ने तयारीमा छन् ।

इयूका कूटनीतिज्ञहरूले सोमबार मुख्य अड्चन बिन्दुहरूमा मतभेदहरू समाधान गर्न रातभर वार्ता गरेपछि बेलायतसँगको सम्बन्ध पुनःस्थापित गर्ने सम्झौतामा पुगेको बताएका छन् । इयूका सदस्य राष्ट्रहरूले हस्ताक्षर गर्न विशेषगरी रक्षामा र अन्तिम क्षणको सफलतापछि माछा मार्ने अधिकारको जटिल मुद्दामा तीनवटा पाठलाई अनुमोदन गरेका थिए ।

स्टार्मरले आफ्नो युरोपेली छिमेकीहरूसँग बेलायतको घनिष्ठ सम्बन्धका लागि जोड दिएका छन् । बेलायतको अघिल्लो कन्जर्भेटिभ सरकारसँग वार्ता गरिएको



इयू सम्झौताले 'कसैका लागि पनि काम गरिरहेको छैन' भन्ने लेबर सरकारको तर्क छ। तर गत जुलाईको आमचुनावमा कन्जर्भेटिभ पार्टीलाई सत्ताच्यूत गरेर सत्तामा आएका स्टार्मरले आफूले थुप्रै लक्ष्मण रेखा पार नगर्ने बताएका छन् ।

युरोपेली संघका केही मागमाथि अड्चन बिन्दुहरू बाँकी छन् र कन्जर्भेटिभहरूले पहिले नै रिसेट कदमलाई 'आत्मसमर्पण' का रूपमा आलोचना गरिरहेका छन् । वार्ताको नजिकको एक स्रोतले भनेको छ, 'हिजो राति ढिलो सफलता, (र) अझै कदम चाल्न बाँकी छ ।'

स्टार्मर र इयू नेताहरू उर्सुला भोन डेर लेयन, एन्टोनियो कोस्टा र मुख्य कूटनीतिज्ञ काजा कल्लासबीच सोमबारको बैठकको मुख्य आकर्षणमा दुई पक्षले 'सुरक्षा र रक्षा साझेदारी' मा हस्ताक्षर गर्ने छन् । इयू-बेलायत नेताहरूको शिखर सम्मेलनबाट युरोपेली एकताको संयुक्त वक्तव्य र व्यापारदेखि माछा मार्ने र युवा गतिशीलताका विषयहरूमा साझा समझदारीसहित सोमबार दुई अन्य कागजात अपेक्षित छन् ।

कूटनीतिज्ञहरूका अनुसार अन्तिम सम्झौताअन्तर्गत बेलायतले सन् २०२६ मा वर्तमान सम्झौता समाप्त भएपछि युरोपेली मछुवाहरूका लागि १२ वर्षसम्म आफ्नो पानी खुला राख्ने छ । यसको बदलामा २७-राष्ट्रको ब्लकले बेलायतबाट खाद्यान्न आयातमा अनिश्चितकालका लागि बन्देजलाई खुकुलो पार्ने छ । युवा गतिशीलताको विषयमा वार्ताकारहरूपछिको सम्झौताका लागि सामान्य शब्दावलीमा सहमत भए ।

यो मुद्दा तनावको अर्को मुख्य स्रोत हो। कुनै पनि युवा गतिशीलता योजनाले इयू र बेलायत बीच आवागमनको स्वतन्त्रतामा फर्कन सक्छ भन्ने लण्डनलाई डर छ। *रासस/एएफपी*


## दोधारा चादनी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**दोधारा चाँदनी, कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२।०२।०६)**

यस कार्यालयबाट मिति २०८१।१२।३१ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | २८/२०८१/०८२ | माहाकाली नदीमा तटबन्द निर्माण योजना, वडा नं.१ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा.२ कञ्चनपुर | ८२,६६,४३५।९८ | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १८४८०० | ० | १९४५ |



**भेडेटार** | धनकुटा र सुनसरीको सिमानामा अवस्थित भेडेटार बजार । चुरेमा अवस्थित यो नगर पूर्वी नेपालको तराईबाट धनकुटाहुँदै भोजपुर, ताप्लेजुङ, संखुवासभा र पाँचथर जाने प्रमुख नाका पनि हो । भेडेटारमा हरेक दिन करिब एक हजार ५०० भन्दा बढी पूर्वी तराई र भारतीय पर्यटक आउने गर्छन् ।

*तस्बिरः नारायणकुमार राई/रासस*

# 'स्वदेशी उत्पादन वृद्धि गरी आयातमुखी अर्थतन्त्र नियन्त्रण गरौं'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले स्वदेशी उत्पादनको प्रयोग बढाएर आयातमुखी अर्थतन्त्र नियन्त्रण गर्न आवश्यक रहेको बताएका छन् । सिमेन्ट उत्पादक संघले सोमबार ललितपुरमा आयोजना गरेको 'सिमेन्ट कन्क्लेभ' मा उनले स्वदेशी उत्पादन वृद्धिले अर्थतन्त्रलाई सही दिशामा लैजान र आयातलाई घटाउन सकिने धारणा राखेका हुन् ।

'हामी सिमेन्ट उत्पादनमा आत्मनिर्भर भइसकेको अवस्था छ । अब आफ्नै देशमा उत्पादन भएको सिमेन्ट प्रयोग गरे यसले उत्पादनलाई पनि बढावा दिनेछ । आयातमुखी अर्थतन्त्रलाई नियन्त्रण गर्न यसले महत्वपूर्ण भूमिका खेल्ने छ । त्यसैले यी पक्षलाई ध्यानमा राखेर काम गरौं', उपप्रधानमन्त्री सिंहले भने ।

उनले देशको भूबनोटअनुसार सिमेन्टको प्रयोगले बाटोहरू गुणस्तरयुक्त हुने भन्दै सुरुमा लगानी धेरै भए पनि लामो समय टिक्ने हुँदा यसको प्रयोगमा जोड दिनुपर्ने बताए ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नेपालको पूर्वाधार विकाशमा निजी क्षेत्रको सहकार्य जरूरी रहेको बताएका छन् । उनले निजी क्षेत्रसँग साझेदारी गरी पूर्वाधार विकास गर्न सरकारले पनि अध्ययन गरिरहेको बताए ।

विश्वका कतिपय मुलुकमा निजी क्षेत्रले पूर्वाधारमा लगानी गर्ने र त्यसबाट निश्चित लाभांशसमेत लिने अभ्यास रहेको उल्लेख गर्दै मन्त्री दाहालले यस्ता सम्भाव्य क्षेत्रको पहिचान नेपालमा पनि आवश्यक रहेको बताए । नेपालको भौगोलिक विशिष्टता, सिमेन्ट उत्पादनमा गरेको प्रगति र टिकाउपनाका कारण कङ्क्रिट सडक निर्माणलाई अध्ययन गरी प्रवर्द्धन गर्न सकिने उनको भनाइ थियो ।

हाल देश निर्माणको चरणमा रहेको उल्लेख गर्दै मन्त्री दाहालले सुरु भएका आयोजनालाई निर्धारित समयमा सम्पन्न गर्ने वातावरण बनाउन आश्यक रहेको बताए ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी उत्पादन वृद्ध र प्रयोगमा प्रोत्साहनका लागि सरकारले आवश्यक काम गरिरहेको बताए । उनले सिमेन्ट क्षेत्रमा आत्मनिर्भर बन्न निजी क्षेत्रको उपस्थिति प्रसंशायोग्य रहेको भन्दै अरु क्षेत्रमा पनि आन्तरिक उत्पादनमा निजी क्षेत्रको शसक्त भूमिका आवश्यक रहेको बताए ।

कार्यक्रममा विज्ञहरूले सिमेन्ट ढलान गरिएका सडक प्रारम्भिक रूपमा खर्चिलो भए पनि टिकाउपनाका कारण दीर्घकालीन रूपमा प्रभावकारी हुने बताएका थिए ।

# कृषिका ३५४ परियोजनामा अनुसन्धान जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत यस वर्ष ३५४ वटा परियोजनामा अनुसन्धानका काम भइरहेको बताएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसद प्रेम सुवालले सोधेको लिखित प्रश्नको जवाफ दिँदै उनले बालीनालीतर्फ १०६, पशुपालनतर्फ ७७, बागवानीतर्फ ७०, बहु-क्षेत्रतर्फ ४१ र मत्स्यपालनतर्फ ३५ वटा परियोजनामा अनुसन्धान भइरहेको जानकारी गराएका हुन् ।

यी अनुसन्धान परियोजनाबाट वैज्ञानिकले बालीनालीको जात तथा पशुवस्तुको नश्ल विकास, कृषि प्रविधि विकास, स्रोतसामग्री उत्पादन, स्रोत संरक्षण, प्रविधि हस्तान्तरण तथा सेवा प्रदान र सामाजिक-आर्थिक विश्लेषण तथा कृषि नीतिसम्बन्धी सुझाव प्रदान गर्नेजस्ता काम गर्दछन् । चालु आर्थिक वर्षको अनुसन्धान बजेटको क्षेत्रगत प्राथमिकता बालीनाली ३०, पशुपालन २२, बहुक्षेत्र १७, बागवानी १५, मत्स्यपालन आठ र अन्यतर्फ सात प्रतिशत छ ।

चालु आवमा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत हालसम्ममा धानको एक, स्याउको तीन, जुनारको चार, ओखरको दुई, कागतीको एक, मेकाडेमीयानटको एक, सुन्तलाको दुई, आभोकाडोको तीन गरी जम्मा १७ जातको पञ्जीकरण प्रस्ताव पेस गरिएकोमा राष्ट्रिय बीउबिजन समितिले स्याउको तीन, सुन्तला जातको दुई र आभोकाडोको तीन गरी जम्मा आठ वटा नयाँ जातको पञ्जीकरण गरिसकेको छ । चालु आवको अन्त्यसम्ममा थप आठ जातको पञ्जीकरणका लागि प्रस्ताव पेस गर्ने लक्ष्य रहेको पनि मन्त्री अधिकारीले बताए ।

त्यसैगरी, चालु आवको अन्त्यसम्ममा अन्नबालीसम्बन्धी २२, बागवानीसम्बन्धी २३, पशुपालनसम्बन्धी १५, मत्स्यपालनसम्बन्धी १०, खाद्यसम्बन्धी दुई, कृषि यन्त्रीकरणसम्बन्धी तीन गरी जम्मा ७५ वटा कृषि प्रविधि सिफारिस गर्ने लक्ष्य रहेको मन्त्रालयले जनाएको छ । चालु आवको अन्त्यसम्ममा विभिन्न बालीनालीको ९०० टन स्रोत बीउ (प्रजनन र मूल) उत्पादन गर्ने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा ३८० टन उत्पादन भइसकेको पनि उनले संसद्मा जानकारी गराए ।

नार्कलाई अनुसन्धानका लागि करिब ९७ प्रतिशत नेपाल सरकारबाट र बाँकी तीन प्रतिशत दातृनिकाय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट वार्षिक रूपमा प्राप्त हुने गरेको छ ।

नार्कअन्तर्गतका बागवानी सम्बन्धित अनुसन्धान केन्द्रले बिरुवा उत्पादन गरी सिधै किसानलाई उपलब्ध गराउने गरेको नभई सिफारिस गरिएका उन्नत जातका तरकारी तथा फलफूलका स्रोत बीउ तथा बेर्ना उत्पादन गरी नर्सरी तथा स्रोत केन्द्रहरूलाई उपलब्ध गराउने गरिएको मन्त्री अधिकारीले जानकारी दिए । ती नर्सरी तथा स्रोत केन्द्रले बीज वृद्धि गरी किसानलाई उपलब्ध गराउँछन् ।

चालु आवको अन्त्यसम्ममा तरकारी तथा फलफूलका पाँच लाख स्रोत बेर्ना/बिरुवा नर्सरी तथा स्रोत केन्द्रलाई उपलब्ध गराउने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा १५ हजार ६९२ बेर्ना/बिरुवा बिक्री/वितरण गरिसकिएको पनि मन्त्री अधिकारीले बताए ।

# १९ अंकले बढ्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार १९ दशमलव ३० अंक अर्थात् ०.७४ प्रतिशतले बढेर दुई हजार ६२८ दशमलव ३६ विन्दुमा कायम भएको छ । कारोबारमा विभिन्न ३२४ कम्पनीका एक करोड ६२ लाख पाँच हजार ५५८ कित्ता सेयर रु सात अर्ब ३५ करोड ८८ लाख ५५ हजार ८५ दशमलव १८ मा किनबेच भएका छन् । सप्तकोशी डेभलपमेन्ट बैंकको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सिन्धु विकास बैंक र ओम मञ्जुश्री फार्मास्युटिकल लिमिटेडको सेयर मूल्य ९.९९ प्रतिशतले उकालो लागेको छ ।

साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । त्यसैगरी छ्याङ्दी हाइड्रोपावरको सेयर मूल्य चार दशमलव ४०, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको चार दशमलव ३९ प्रतिशतले घटेको छ ।

## कर्पोरेट

### सिटिजन्स बैंक र क्लब टेनएक्सबीच समझदारी




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र ठमेल, काठमाडौं स्थित क्लब 'टेनएक्स' बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले क्लब 'टेनएक्स' मा २० प्रतिशत छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

### निगमको ट्यारिफसम्बन्धी बैठकबाट १३ निर्णय पारित

**काठमाडौं (प्रस)–** नेपाल वायुसेवा निगमका अन्तर्राष्ट्रिय स्टेसनहरूको ट्यारिफसम्बन्धी दुई दिने बैठक सम्पन्न भएको छ । निगमको आ.व. २०८१/०८२ को बजेट समिक्षा तथा आ.व २०८२/०८३ को टयारिफ र रेभिन्यू पूर्वानुमान सम्बन्धी दुई दिने बैठक सम्पूर्ण स्टेशनहरूको कार्यसम्पादन स्तरको मुल्यांकन गर्दै भावि कार्यनिति तर्जुमा, उडान संख्या तथा यात्रु सेवा सुविधामा वृद्धि लगायतका विभिन्न १३ वटा निर्णय गरी सम्पन्न भएको हो । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले उद्घाटन गरेका थिए ।

कार्यक्रममा निगमका नायब महाप्रबन्धकहरू जनकराज कालाखेती र डोलेश्वर कोइरालालगायत सम्पूर्ण विभागीय प्रमुखहरू, सम्बन्धित महाशाखा प्रमुखहरू र अन्तर्राष्ट्रिय क्षेत्र तर्फ विभिन्न आठ मुलुकबाट दश गन्तव्यका स्टेशन प्रमुखहरूको साथमा काठमाडौ तथा भैरहवा स्टेशन प्रमुखहरूको सक्रिय सहभागिता रहेको थियो ।

Nepal Airlines

उक्त बैठकमार्फत निगमका सम्पूर्ण अन्तर्राष्ट्रिय स्टेशनसहरूमा देखिएका कमी कमजेरीहरूको विश्लेषण, समस्या र समाधानहरूको पहिचान, अवलम्बन गर्नुपर्ने सुधारका उपायहरू लगाएत केन्दिय कार्यलय, सरोकार विभाग र सम्बन्धित स्टेशनहरू बिचको अन्तर सम्बन्ध र प्रभावकारी समन्वय गर्ने जस्ता विषयहरूमा व्यापक छलफल भएको थियो ।

# काठमाडौंमा यांगोको परीक्षण सेवा

■ प्रभाव संवाददाता

YANGO

**काठमाडौं–** विश्वव्यापी प्राविधिक कम्पनी यांगो ग्रुपले शहर सेवा एप- यांगोको परीक्षण सुरुवातको साथ नेपाली बजारमा प्रवेश गरेको छ । नेपालको संघीय राजधानीमा काठमाडौंमा परीक्षण सेवा उपलव्ध गराउने पहिलो एप भएको कम्पनीले दावी गरेको छ ।

यांगो राइडले यात्रुहरूलाई स्थानीय यातायात प्रदायकहरूसँग जोड्छ र साझेदार चालकहरूलाई ग्राहकहरू फेला पार्न सशक्त बनाउँछ। म्यापिङ, नेभिगेसन प्रणाली र स्मार्ट अर्डर वितरण एल्गोरिदमहरू सहित प्रविधिहरू प्रयोग गरिएको यस एपले साझेदार चालकहरूलाई किफायती र यात्रुहरूको लागि सहज सेवा दिने विश्वास लिएको छ ।

'काठमाडौंमा गतिशीलता समाधानको साथ हाम्रो परीक्षण चरण सुरु गर्नाले हाम्रो लागि महत्त्वपूर्ण उत्साह ल्याउँछ। यांगो राइड सेवाको व्यापार मोडेल स्थानीय उद्यमीहरूसँगको घनिष्ठ सहकार्यमा निर्मित छ, जसले आर्थिक अवसरहरू सिर्जना गर्ने र शहरको गतिशील यातायात पूर्वाधारको विकासलाई समर्थन गर्ने लक्ष्य राखेको छ । परीक्षण अवधिमा, नेपाली बजारको विशिष्ट आवश्यकताहरू पूरा गर्न हाम्रा सेवाहरूलाई राम्रोसँग मिलाउन सवार र साझेदार चालक दुवैबाट प्रतिक्रिया आवश्यक हुनेछ', यांगो राइडका प्रमुख व्यापार अधिकृत अदेनियी अदेबायोले भने ।

यांगो राइडले आफ्नै कार वा चालकहरू सञ्चालन गर्दैन, बरु स्थानीय साझेदारहरू र यातायात प्रदायकहरूलाई एप मार्फत यात्रुहरूलाई सेवाहरू प्रदान गर्न सुविधा प्रदान गर्दछ। यस सेवाले साझेदारहरूलाई उनीहरूको सेवा सञ्चालनमा डिजिटलाइज गर्दै दक्षता अभिवृद्धी गर्न सहयोग गर्ने जनाएको छ ।

यांगो एप गुगल प्ले र एप स्टोरबाट निःशुल्क डाउनलोड गर्न सकिने जनाइएको छ । अहिले पर्यावरण-मैत्री इलेक्ट्रोनिक ट्याक्सीहरू र मोटरसाइकलहरू यसमा आवद्ध भइरहेका छन् । यात्रुको स्थान पत्ता लगाउन र नजिकको उपलब्ध साझेदार चालक फेला पार्न भू-स्थान प्रविधिको प्रयोग गर्दछ, जसले गर्दा प्रतीक्षा गर्ने समय कम गराउनेछ । यांगो राइडले प्रयोगकर्ताले राखेको गन्तव्य ठेगानाको आधारमा प्रत्येक यात्राको अनुमानित लागत स्वचालित रूपमा गणना गर्दछ र हालका लागि नगदमा मात्र भुक्तानी गर्न सकिने पनि जनाइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ